का.जि.प्र.का.द.नं. १००/०५९/६०

२७ चैत २०८०,
मंगलबार
9 April 2024,
Tuesday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २२, अंक ५६ । पृष्ठ १०    Madhyanha National Daily    www.madhyanhadaily.com

# मुठभेडतर्फ प्रतिनिधि सभा

गृहमन्त्रीमाथि छानबिन समिति गठन गर्नैपर्ने प्रमुख विपक्षी कांग्रेसको रटान र त्यसमा सहमत हुन नसक्ने सत्तारुढ दलको अडानले प्रतिनिधि सभाको बैठक सौहार्द हुनेमा संशय पैदा भएको नेताहरु बताउँछन् ।





कांग्रेसले जसरी छानबिन समिति बनाउने भनेको छ, त्यो सम्भव छैन । अब गृहमन्त्रीले रोष्ट्रम प्रयोग गर्नुहुन्छ ।

**हितराज पाण्डे**
मुख्य सचेतक, नेकपा माओवादी केन्द्र



संसदीय समिति न्यूनतम शर्त हो । अन्यथा, संसदको बैठक अवरुद्ध हुन्छ र त्यसको जिम्मेवार सरकार नै हुन्छ ।

**रमेश लेखक**
प्रमुख सचेतक, नेपाली कांग्रेस

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २६ चैत ।

प्रतिनिधि सभाको बैठक सौहार्द बनाउनका लागि सभामुख देवराज घिमिरेले सोमबार संसदमा रहेका प्रमुख चार दलका शीर्ष नेताहरुलाई छलफलमा बोलाएका थिए । तर, नेताहरुका अनुसार उक्त छलफलमा दलहरुले आ-आफ्ना अडान राखेका छन् । मंगलबारको संसद बैठक सौहार्द हुने संकेत गरेका छैनन् ।

यसअघि यही चैत २१ गतेको प्रतिनिधि सभाको बैठकमा कांग्रेसका महामन्त्री समेत रहेका प्रतिनिधि सभा सदस्य विश्वप्रकाश शर्माले अर्को बैठकमा गृहमन्त्रीमाथि छानबिन समिति लिएर आउन सत्तारुढ दलहरुलाई अल्टिमेटम दिएका थिए । तर, कांग्रेसको यस्तो मागमा सत्तारुढ तयार नभएपछि सभामुख घिमिरेले संवादका लागि दलहरुलाई एकै ठाउँमा राखेका हुन । तर, कांग्रेसको अडानले सहमति जुट्न सकेन ।

गृहमन्त्रीमाथि छानबिन समिति गठन गर्नैपर्ने प्रमुख विपक्षी कांग्रेसको रटान र त्यसमा सहमत हुन नसक्ने सत्तारुढ दलको अडानले मंगलबार बस्ने प्रतिनिधि सभाको बैठक सौहार्द हुनेमा शंसय पैदा भएको नेताहरु बताउँछन् ।

कांग्रेसले जीबी राई र उनको समूहले काठमाडौं, पोखरा, चितवन, बुटवल लगायतका शहरमा सञ्चालन गरेको सहकारीमा भएको अनियमिततालाई लिएर लामिछानेमाथि प्रश्न उठाउँदै आएको छ । यस सम्बन्धमा संसदीय छानबिन समिति »» पृष्ठ २ मा

## कोशीमा मध्यावधि कि नयाँ सरकार ?

**शिव विक/मध्यान्ह**
काठमाडौं, २६ चैत ।

कोशी प्रदेश सरकारबाट नेकपा एमाले र नेकपा माओवादी केन्द्र बाहिरिएको छ । गत २७ असोजमा केदार कार्कीलाई मुख्यमन्त्री बनाउन समर्थन गरेको नेकपा एमाले १८ कात्तिकमा सरकारबाट बाहिरिएको थियो । तर समर्थन फिर्ता लिएको थिएन ।

सोमबार माओवादी केन्द्रसँगै एमालेले पनि कोशी प्रदेश सरकारलाई समर्थन फिर्ता लिएको छ । यो सँगै मुख्यमन्त्री कार्की अल्पमतमा परेका छन् ।

अन्तिम विकल्पमा सरकार बनाएका मुख्यमन्त्री केदार कार्की अल्पमतमा परेसँगै कोशी प्रदेशमा मध्यावधि कि नयाँ सरकार ? भन्ने प्रश्न छ । यही बेला बहुमत सदस्यले नयाँ सरकारका लागि दाबी प्रस्तुत गरेका छन् । एमाले र माओवादीका ५३ जना सांसदले हस्ताक्षर सहित नयाँ सरकारका लागि दाबी पेश गरेका छन् । उनीहरुले नयाँ मुख्यमन्त्रीमा हिक्मतकुमार कार्कीलाई अघि सारेका छन् ।

मुख्यमन्त्री कार्की भने आफू सरकार बन्ने संविधानको प्रावधान अनुसार अन्तिम विकल्पबाट मुख्यमन्त्री बनेको बताउँदै राजीनामा पनि नदिने, विश्वासको मत पनि नलिने अडानमा छन् । सरकार छाड्नु परे प्रदेशसभा विघटन गरिदिने उनको चेतावनी छ ।

कार्की संविधानको धारा १६८ को उपधारा ५ अनुसार मुख्यमन्त्री बनेका हुन् ।

एमाले र माओवादीले अल्पमतमा परेका मुख्यमन्त्रीले प्रदेशसभाबाट विश्वासको मत लिनुपर्ने बताउँदै आएका छन् । मुख्यमन्त्री कार्की कुनै हालतमा विश्वासको मत नलिने बताइरहेका छन् ।

मुख्यमन्त्री कार्कीलाई दिएको समर्थन फिर्ता लिइसकेपछि माओवादी संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोले भने मुख्यमन्त्री »» पृष्ठ २ मा

> अन्तिम विकल्पमा सरकार बनाएका मुख्यमन्त्री केदार कार्की अल्पमतमा परेसँगै कोशी प्रदेशमा मध्यावधि कि नयाँ सरकार ? भन्ने प्रश्न छ । यही बेला बहुमत सदस्यले नयाँ सरकारका लागि दाबी प्रस्तुत गरेका छन् ।

# सर्वोच्चको आदेशको विरोध गर्ने पाँच सांसदलाई मुद्दा

संविधानले प्रष्टरुपमा संसदमा व्यक्त गरेका विचारका सम्बन्धमा कुनै पनि अदालतमा मुद्दा चलाउन नपाउने भनेको छ । तर संवैधानिक विशेषाधिकार ख्याल नगरी सांसदविरुद्ध सर्वोच्च अदालतमा मुद्दा परेको छ ।



> अदालतको अपहेलनामा पाँच सांसदविरुद्ध मुद्दा परेको छ । यसमा प्रराम्भिक सुनुवाइ भएर कारण देखाउ आदेश जारी भएको छ ।
>
> **गोविन्दप्रसाद घिमिरे**
> सूचना अधिकारी, सर्वोच्च अदालत

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २६ चैत ।

सर्वोच्च अदालतको आदेशको आलोचना गरेको आरोपमा पाँच जना प्रतिनिधि सभा सदस्यविरुद्ध सर्वोच्च अदालतमा मुद्दा परेको छ । अधिवक्ता यज्ञप्रसाद अधिकारीले नेपाली कांग्रेसका प्रमुख सचेतक रमेश लेखक, कांग्रेसकै सांसद श्यामकुमार घिमिरे, नेकपा एमालेका प्रमुख सचेतक महेश बर्तौला, एमालेकै सांसद सूर्य थापा र एकीकृत समाजवादीका सांसद अम्मरबहादुर थापाविरुद्ध अदालतको अपहेलना सम्बन्धी मुद्दा दायर गरेका हुन् ।

संसद विकास कोषका रुपमा चिनिने निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन नगर्न सर्वोच्च अदालतले आदेश दिएपछि सांसदहरुले त्यसको विरोध गरेका थिए । विरोध गरेकाहरुमध्ये पाँच जना सांसदलाई सर्वोच्च अदालतको आदेशको विरोध गरेर अदालतको अपहेलना गरेको आरोप लगाइएको छ ।

सर्वोच्च अदालतका सूचना अधिकारी गोविन्द प्रसाद घिमिरेका अनुसार यो मुद्दामा कारण देखाउ आदेश जारी भएको छ । उनका अनुसार विपक्षी बनाइएका सांसदहरुले लिखित जवाफ पठाएका छन् । उनी भन्छन्, 'अदालतको अपहेलनामा पाँच सांसदविरुद्ध मुद्दा परेको छ । यसमा प्रराम्भिक सुनुवाई भएर कारण देखाउ आदेश जारी भएको छ ।' यो मुद्दामा अर्को पेशी आगामी वैशाख ५ गतेलाई तोकिएको छ ।

संविधानले प्रष्ट रुपमा संसदमा व्यक्त गरेका बिचारका सम्बन्धमा कुनै पनि अदालतमा मुद्दा चलाउन नपाउने भनेको छ । संवैधानिक विशेषाधिकार ख्याल नगरी सांसदविरुद्ध सर्वोच्च अदालतमा मुद्दा परेपछि नेताहरुले आलोचना गरेका छन् ।

संविधानको धारा १०३ मा सांसदको विशेषाधिकारसम्बन्धी व्यवस्था छ ।

'यस संविधानको अधीनमा रही संघीय संसदको दुवै सदनमा पूर्ण वाक् स्वतन्त्रता रहनेछ र सदनमा व्यक्त गरेको कुनै कुरा वा दिएको कुनै मतलाई लिएर कुनै पनि सदस्यलाई पक्राउ गरिने, थुनामा राखिने वा निज उपर कुनै अदालतमा कारबाही चलाइने छैन' संविधानको धारा १०३ को उपधारा (१) मा छ ।

सांसदहरुले संघीय संसदको कुनै सदनले दिएको अधिकार अन्तर्गत कुनै लिखत, प्रतिवेदन, मतदान वा कारबाही प्रकाशित गरेको विषयलाई लिएर पनि अदालतमा कारबाही चल्न नसक्ने व्यवस्था धारा १०३ को उपधारा (५) मा छ ।

यो संवैधानिक व्यवस्थाको ख्याल नगरी मुद्दा परेपछि सांसदहरु झस्किएका छन् ।

गत भदौ ६ गते प्रधानन्यायाधीश विश्वम्भर श्रेष्ठ, न्यायाधीशहरू ईश्वर खतिवडा, आनन्दमोहन भट्टराई, प्रकाशमानसिंह राउत र अनिल सिन्हाको संवैधानिक इजलासले निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमको बजेट खर्च नगर्न अन्तरिम आदेश दिएको थियो ।

तत्कालीन अर्थमन्त्री प्रकाशशरण महतले निर्वाचन क्षेत्रमा खर्च गर्नका लागि प्रति निर्वाचन क्षेत्रका लागि ५ करोड बजेट छुट्याएका थिए । यसका लागि चालू आर्थिक वर्ष २०८०/०८१ को बजेटमा ८ अर्ब २५ करोड बजेट विनियोजन गरिएको थियो । सातवटै प्रदेशमा पनि »» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# वैदेशिक रोजगार विज्ञहरुको कार्यदलको प्रतिवेदन कहिले ?

## गुरुङ कार्यदल अध्ययनकै क्रममा, प्रतिवेदन आउन समय लाग्ने

> श्रम विज्ञ डा. गणेश गुरुङको संयोजकत्वमा गठन भएको विज्ञहरुको कार्यदलले आफ्नो अध्ययन प्रतिवेदन बुझाउन अझै समय लगाउने भएको छ ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ चैत

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले श्रम विज्ञ डा. गणेश गुरुङको संयोजकत्वमा गठन गरेको विज्ञहरुको कार्यदलले आफ्नो अध्ययन प्रतिवेदन बुझाउन अझै समय लगाउने भएको छ । शुरुमा दुई महिनामा प्रतिवेदन तयार पार्ने कार्यादेश पाएको कार्यदलले मन्त्रालयलाई प्रतिवेदन बुझाउन अन्य परिस्थिति यथावत रहेमा अझै कम्तिमा एक महिनाभन्दा बढी समय लगाउने छ ।

तत्कालीन श्रममन्त्री शरतसिंह भण्डारीले गत कात्तिकमा श्रम तथा आप्रवासन विज्ञ डा. गुरुङको संयोजकत्वमा राष्ट्रिय प्रवासन नीति र लेवर माइग्रेसनका बारेमा अधययन प्रतिवेदन दिन कार्यादेश दिएका थिए । वर्तमान श्रममन्त्री डोलप्रसाद अर्यालले पनि पुरानै कार्यादेशअनुसार काम गर्न सहमति जनाएर कार्यदल, कार्यदलका संयोजकसहित सदस्यहरुलाई काम जारी राख्न आग्रह गरेका छन् । समितिमा डा. केशव बस्याल, मञ्जु गुरुङ, प्रतिमा शर्मा र जुना माथेमा सदस्य रहेका छन् । श्रम मन्त्रालयको प्रशासन शाखाका उपसचिवलाई सदस्य सचिवको जिम्मेवारी दिइएको छ ।

समिति संयोजक गुरुङले कार्यादेशअनुसार लेवर माइग्रेसनसम्बन्धी अध्ययन प्रतिवेदन आगामी २०८१ वैशाख ३० गते बुझाउने गरी तीव्रताका साथ काम भइरहेको जानकारी दिए । तर राष्ट्रिय आप्रवासनसम्बन्धी प्रतिवेदन तयार गर्न कार्यदललाई अझै लामो »» पृष्ठ २ मा

### पोर्चुगलमा समुद्रमा डुबेर एक नेपालीको मृत्यु, अर्का युवा बेपत्ता



**भरत प्रधान/मध्यान्ह**
लिस्बन, २६ चैत

पोर्चुगलमा समुद्रमा डुबेर एक नेपालीको मृत्यु भएको छ भने अर्का एक नेपाली युवा बेपत्ता भएका छन् । शनिबार राति मोन्तिजोस्थित समुद्रमा सामुद्रिक (जीव) खाना खोज्ने क्रममा धादिङ, नेत्रावती डबजोङ गाउँपालिका- ५, »» पृष्ठ २ मा

**रोमानियामा रोजगार**

कम्पनी: EUROEMPLEO ETT SRL
शहर: Romania, Arad

पूर्व स्वीकृत मितिः २०७९/१२/२० चलानी नं.: ६०१९९३६१ LT. No.: 283954 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture Worker | 10 | 0 | सम्बन्धित काममा दक्ष | 550 | ७३,१३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaner | 10 | 10 | | 550 | ७३,१३९ | | | | | | | |
| 3. | Construction Worker | 20 | 0 | | 650 | ८६,४३७ | | | | | | | |
| 4. | Cook Helper | 10 | 0 | | 550 | ७३,१३९ | | | | | | | |
| 5. | General Worker | 40 | 10 | | 550 | ७३,१३९ | | | | | | | |
| 6. | Waiter | 10 | 0 | | 550 | ७३,१३९ | | | | | | | |

प्रि-अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा धमाधम भई रहेको छ ।

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० बैशाख ४ गते (16 April 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/ कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने / प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

**बैदेशिक रोजगार विभागबाट गराएको जानकारी** :- १. आफ्नो नाममा भिषा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफु सँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Govt. License No. 1389/074/075

PANDA HUMAN RESOURCE (P) Ltd.
Sukedhara-04, Kathmandu

Phone : +977-01-4370541, -4370736
Mobile : +977-9851179577, 9801013640
Email : pandahrnepal@gmail.com
Web : www.pandanepal.com


मध्यान्ह
www.madhyanhadaily.com
२७ चैत २०८०, मंगलबार
9 April 2024, Tuesday

# ‘कर्मचारी र सांसदको संख्या आधा घटाउनुपर्छ’

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
रुपन्देही, चैत २६

नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं प्रतिनिधि सभा सदस्य चन्द्र भण्डारीले देशको उन्नति र विकासका लागि सांसद र कर्मचारीको संख्या आधा घटाउनुपर्ने बताएका छन् ।

नेपाल प्रेस युनियन रुपन्देहीले बुटवलमा आयोजना गरेको पत्रकार भेटघाटमा नेता भण्डारीले देशको ढुकुटीको अधिकांश हिस्सा सांसद र कर्मचारीको तलब सुविधामै खर्च हुने हुँदा विकासको कामले गति लिन नसकेको बताए ।



उनले समानुपातिक निर्वाचन प्रणालीलाई राष्ट्रिय सभामा व्यवस्थापन गर्ने र राष्ट्रिय सभाबाट पनि प्रधानमन्त्री बन्ने व्यवस्था हुनुपर्नेमा जोड दिए ।

नेता भण्डारीले ३६ हजार जनप्रतिनिधिलाई १८ हजारमा र एक लाख कर्मचारीलाई ५० हजारमा सीमित गरेपछि मात्र देशको ढुकुटी विकासको काममा खर्च हुने बताए । उनले अहिलेको ढाँचा र संगठनमा रहेको स्थानीय तह ठिक रहेकाले त्यसलाई घटाउन नहुने बताए । नेता भण्डारीले समानुपातिक प्रणालीमा अब नेता मात्रै होइन विज्ञलाई पनि स्थान दिनुपर्नेमा जोड दिए । उनले कांग्रेसको अबको महाधिवेशनबाट आफू पार्टी सभापति बन्ने पनि दाबी गरे । उनले सांसदलाई तलब खुवाउन सवारी साधन आयातमा तीन सय प्रतिशतसम्म महंगो कर लिने गरिएको दाबी गरे ।

# सर्लाहीमा आगलागी हुँदा ६ घर जलेर नष्ट



**लक्ष्मण यादव/मध्यान्ह**
सर्लाही, २६ चैत

सर्लाहीमा आगलागी हुँदा ६ वटा घर जलेर नष्ट भएको छ भने ५ वटा घरमा क्षति पुगेको छ । बसबरीया गाउँपालिकाको वडा नं. ३ भवानीपुर (मुसहरी टोल) मा आगलागी भएको हो । स्थानीय राम विश्वास माझीको घरबाट सल्किएको आगोले बस्तीका ६ घर जलेर नष्ट भएको छ भने ५ घरमा क्षति पुगेको छ ।

सोमबार बिहान साढे ११ बजे माझीसहित उनका सपरिवार घर बाहिर काममा निस्किएको बेला घरमा आगो लागेको थियो । आगलागीपछि उनको घरमा राखिएको ग्यास सिलिण्डर पड्किँदा क्षणभरमै उनको घरबाट छिमेकीको घरमा आगो सल्किएको र बस्तीमा पुगेको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी नायव उपरीक्षक (प्रवक्ता) दिपक श्रेष्ठले जानकारी दिए ।

उनका अनुसार माझीसहित स्थानीय विन्देश्वर माझी, दिनेश माझी, नरेश राय यादव, जोखु मुखिया र महेशी रायको घर पूर्णरुपमा जलेर नष्ट भएको छ भने अन्य ५ घरमा क्षति पुगेको छ ।

आगो नियन्त्रणमा लिन स्थानीय, नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा हरिवन र मलंगवा नगरपालिकाको वारुणयन्त्र परिचालन गरिएको थियो । तर आगलागी भएको बस्तीको सडक साँघुरो भएका कारण दुई वटा वारूणयन्त्र एकैपटक प्रयोग हुन नसकेर आगो नियन्त्रणमा लिन समस्या भएको स्थानीय गौरीशंकर यादवले बताए । उनका अनुसार आगो नियन्त्रणमा लिन पहिले मलंगवाको दमकल प्रयोग गरिएको थियो । त्यसको पानी सकिएपछि पुनः हरिवन नगरपालिकाको दमकल प्रयोग गरी आगो नियन्त्रणमा लिइएको थियो । विद्युत सट भएर आगलागी भएको हुन सक्ने स्थानीयको अनुमान छ ।

# नेपाल नेत्रज्योति संघको अध्यक्षमा पुनः प्रा.डा. पन्त

**काठमाडौं/मस-** नेपाल नेत्रज्योति संघको अध्यक्षमा प्रा.डा चेतराज पन्त निर्वाचित भएका छन् । भरतपुरको चितवनमा सम्पन्न २८औं केन्द्रीय सभा तथा अधिवेशनले प्रा.डा. पन्तलाई दोस्रो कार्यकालका लागि अध्यक्षमा निर्विरोध निर्वाचित गरेको हो ।



नेपाल नेत्रज्योति संघ चितवन शाखाको आतिथ्यतामा चैत २३ र २४ गते चलेको अधिवेशनले प्रा.डा. पन्तको नेतृत्वमा आगामी ४ वर्षका लागि नयाँ कार्यसमिति चयन गरेको हो । संघको विधान बमोजिम २७ सदस्यीय कार्यसमितिमध्ये १ जना अध्यक्ष, १२ जना खुला सदस्य र २ जना महिला सदस्य गरी १५ सदस्य अधिवेशन मार्फत निर्विरोध निर्वाचित भएका हुन् ।

त्यस्तै सदस्यहरुमा कृष्ण कुमार गिरी, चिज कुमार मास्के, दिव्य प्रसाद पन्त, द्रोणप्रसाद गुरागाई, डा. नन्द श्रेष्ठ, नर वहादुर रोकाया, पद्म नारायण चौधरी, बिष्णुदत्त जोशी, श्यामकुमार पोखरेल, भरत बहादुर चन्द, भागवत राउत, वरिष्ठ अधिवक्ता हरि प्रसाद शर्मा, मन्जु कण्डेल र प्रा.डा. सविना श्रेष्ठ निर्विरोध निर्वाचित भएका छन् ।

निर्वाचित सदस्यहरुमध्येबाट नै पदाधिकारीहरुको कार्यविभाजन गर्ने व्यवस्थाबमोजिम अधिवेशन लगत्तै बसेको केन्द्रीय समिति बैठकले संघको वरिष्ठ उपाध्यक्षमा श्यामकुमार पोखरेल, महासचिवमा भरतबहादुर चन्द र कोषाध्यक्षमा चिजकुमार मास्केलाई जिम्मेवारी तोकेको छ । त्यस्तै संघका सात वटै प्रदेशका प्रदेश सभापतिहरु केन्द्रीय कार्यसमितिको पदेन उपाध्यक्ष रहने व्यवस्थाबमोजिम कोशी प्रदेश सभापति श्याम सुन्दर उदास, मधेश प्रदेश सभापति रविन्द्रलाल चौधरी, बागमती प्रदेश सभापति ऋषिराम पौडेल, गण्डकी प्रदेश सभापति प्रा.डा.दिलबहादुर क्षेत्री, लुम्बिनी प्रदेश सभापति सागरप्रताप राणा, कर्णाली प्रदेशका सभापति तिलकबहादुर मल्ल र सुदूरपश्चिम प्रदेश सभापति चक्रबहादुर सिंह केन्द्रिय कार्यसमितिको उपाध्यक्षमा चयन हुनु भएको छ भने बाँकी सदस्यहरु केन्द्रीय समितिले मनोनीत गर्नेछ ।

संघअन्तर्गत देशभरमा २८ आँखा अस्पताल, १५६ आँखा उपचार केन्द्र तथा ४३ जिल्ला शाखाहरु सञ्चालनमा छन् । स्थापनादेखि हालसम्म संघको सञ्जालमार्फत नेपाली नागरिक तथा अन्य विभिन्न देशका नागरिकहरु गरी कूल ४ करोड ३६ लाख २६ जना आँखाका बिरामीहरुलाई आँखा उपचार सेवा प्रवाह गरिसकेको छ भने ५१ लाख ३३ हजार ६५९ जनाको आँखाको शल्यक्रिया भइसकेको छ ।

त्यस्तै सभाले महासचिव र कोषाध्यक्षको प्रतिवेदन, गत आर्थिक वर्षको लेखापरिक्षण प्रतिवेदन पारित गर्नुको साथै चालु आर्थिक वर्षका लागि लेखा परिक्षक नियुक्तिको प्रस्ताव समेत पारित गरिएको छ ।

# माओवादी केन्द्र रुकुम पश्चिमका पालिकामा इन्चार्जहरु हेरफेर

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, २६ चैत

नेकपा माओवादी केन्द्र रुकुम पश्चिमका ६ वटा स्थानीय तहमा पालिका इन्चार्जहरुको हेरफेर भएको छ । केही साताअघि पार्टीको कर्णाली प्रदेश समितिको विस्तारित बैठकले जिल्लाका पालिका समितिका इन्चार्जहरु हेरफेर गर्ने निर्णय गरेको हो । जसअनुसार केही पालिकामा नयाँलाई इन्चार्जको जीम्मेवारी दिइएको छ भने केही पालिकामा पुरानैलाई निरन्तरता दिइएको माओवादी केन्द्र कर्णाली प्रदेशले बताएको छ ।

मुसिकोट नगरपालिकामा देवीलाल गौतम, आठविसकोट नगरपालिकामा गोर्खबहादुर केसी र चौरजहारी नगरपालिकामा रिखीप्रसाद शर्मालाई इन्चार्जको जिम्मेवारी दिइएको छ । त्यस्तै सानीभेरी गाउँपालिकामा धनवीर ओली, बाँफिकोट गाउँपालिकामा धर्मबहादुर केसी र त्रिवेणी गाउँपालिकामा झक्कुप्रसाद घर्तीलाई इन्चार्जको जिम्मेवारी दिइएको छ । गौतम पार्टीको केन्द्रीय निर्वाचन आयोगका सदस्य हुन् भने अन्य केन्द्रीय समितिका सदस्य हुन् । यसअघि मुसिकोट नगरपालिकामा जयबहादुर पाण्डे र चौरजहारी नगरपालिकामा वीरेन्द्र बुढा पालिका इन्चार्जको जिम्मेवारीमा थिए ।

## मुठभेडतर्फ...

गठन गर्नुपर्ने कांग्रेसको माग छ । संसद सचिवालयका अनुसार मंगलबार बस्ने प्रतिनिधि सभाको बैठकमा गृहमन्त्री लामिछानेले राजनीतिक दलसम्बन्धी विधेयकलाई पेश गर्ने कार्यसूची छ । तर, लामिछानेलाई रोष्ट्रममा जान नदिने कांग्रेसको तयारी छ ।

कांग्रेसले संसदीय छानबिन समिति नबनेसम्म रोष्टममा उक्लिन नदिने रणनीति बनाएको कांग्रेसले अन्यथा सदन चल्न नसक्ने दोर्होयाएको छ । तर एमाले, माओवादी र रास्वपाका नेताहरुले भने समिति गठन नगर्ने प्रष्ट जवाफ लिएका छन् । ‘समिति बन्दैन, कोही व्यक्तिलाई फसाउन समिति बन्नु पनि हुँदैन’ शीर्ष बैठकपछि रास्वपा प्रमुख सचेतक सन्तोष परियारले पत्रकारहरुसित भने । बरु संसद बैठकमा गृहमन्त्रीले विधेयक पेश गर्ने र आफूमाथि उठेका प्रश्नहरुको रोष्टमबाट जवाफ दिन लगाउने सत्तारुढ दलहरुको तयारी छ । ‘जसरी छानबिन समिति बनाउने भन्नु भएको छ, त्यो सम्भव छैन’ चार दलका शीर्ष नेताहरुको बैठकपछि माओवादी प्रमुख सचेतक हितराज पाण्डेले भने, ‘सदन अगाडि बढ्छ, भोलि गृहमन्त्रीले राजनीतिक दलसम्बन्धी विधेयक राख्नुपर्नेछ । त्यही बेलामा गृहमन्त्रीले बोल्नु पर्ने विषयहरु पनि छन् ।’

कांग्रेसले भने आफ्नो माग राख्दै सदन चल्न दिंदा सरकार गैरजिम्मेवार ढंगले प्रस्तुत भएको भन्दै संसद अवरुद्ध गर्ने चेतावनी दिएको छ । ‘अहिलेसम्म सरकार संसदीय समिति बनाउन तयार नभएकाले संसदको कुनै पनि बैठक अवरुद्ध भयो भने सरकार नै जिम्मेवार हुन्छ ।’ कांग्रेस प्रमुख सचेतक रमेश लेखकले भने ।

## कोशीमा...

कार्कीले राजीनामा दिने विश्वास व्यक्त गरे ।

‘उहाँले राजीनामा दिएर मार्गप्रशस्त गर्नुहुन्छ भन्ने विश्वास छ । कांग्रेस जस्तो लोकतन्त्र, प्रजातन्त्र र संसदीय व्यवस्थाको मूल्य मान्यता बोकेको पार्टीको मुख्यमन्त्रीले मार्ग प्रशस्त गर्नु नै उपयुक्त बाटो हो’ उनले पत्रकारहरुसित भनेका छन् ।

आङ्बोले मुख्यमन्त्रीले राजीनामा नदिएको खण्डमा त्यसपछि नै कदम चाल्ने बताए । उनी प्रश्न गर्छन्, ‘ त्यति गर्दा पनि उहाँले राजीनामा दिनुभएन भने हामी देशलाई, प्रदेशलाई, विदेशलाई देखाउँछौं । अदालतलाई भन्छौं, विपक्षमा बहुमत रहेको देखिँदादेखिँदै उहाँले के जवाफ दिनुहोला ?’

## सर्वोच्चको...

बजेटमा संघमा जस्तै संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम सम्बन्धी व्यवस्था राखेका थिए । यस्तो कार्यक्रमविरुद्ध अधिवक्ता त्रिलोकबहादुर चन्दले सर्वोच्च अदालतमा मुद्दा दायर गरेका थिए । चन्दको रिटमाथि सुनुवाई गर्दै सर्वोच्च अदालतले निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम सम्बन्धी व्यवस्थाहरु तथा ती व्यवस्थाहरुका लागि छुट्याइएको विनियोजित रकम खर्च गर्ने कार्य मुद्दाको अन्तिम किनारा नभएसम्म कार्यान्वयन नगर्न आदेश दिएको हो ।

त्यसलगत्तै, सांसदहरुले सर्वोच्च अदालतको आदेशलाई न्यायिक सक्रियता भनेका थिए ।

## वैदेशिक...

समय लाग्न सक्ने उनले बताए । मन्त्रालयले श्रम आप्रवासनका विभिन्न चरणमा गर्नुपर्ने सुधारका लागि प्रतिवेदन दिन लिखित कार्यादेश दिएको थियो । सोहीअनुसार हालसम्म कोशी प्रदेश र मधेश प्रदेशमा कन्सल्टेशन प्रोससका छलफल भएका छन् । कार्यदलले शुरुमा मन्त्रालयले तर्जुमा गरेको हालको वैदेशिक रोजगार नीतिमाथि पुनरावलोकन गरेको छ । काठमाडौंमा पनि एक चरणको मात्रै छलफल भएको छ । कार्यदलले गण्डकी प्रदेशको पोखरा, लुम्बिनी प्रदेशको बुटवल, सुदूरपश्चिम प्रदेशको धनगढी तथा कर्णाली प्रदेशमा छलफल गर्न बाँकी रहेको संयोजक गुरुङले मध्यान्हलाई जानकारी दिए । संयोजक गुरुङले नेपालको वैदेशिक रोजगार नीतिमा रहेका कमी कमजोरी पहिल्याएपछि त्यसलाई हटाएर रेमिट्यान्सको आप्रवाह साथसाथै नेपाली कामदारको सीपलाई कसरी अन्तर्राष्ट्रिय स्तरको बनाउने भन्ने विषयमा अध्ययनलाई केन्द्रित गरिरहेको जानकारी पनि दिए । छलफलमा नेपाली महिला तथा पुरुष दुवै कामदारलाई विश्वको श्रम बजारमा प्रतिस्पर्धी, मर्यादित र सक्षम बनाउन अवलम्बन गर्नुपर्ने नीति र तालिमका साथै अन्य व्यवहारिक पक्षको सुझाव आएका छन् । कार्यदलले अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ), अन्तर्राष्ट्रिय आप्रवासन संगठन (आईओएम), रिटर्नी कामदारको नेटवर्क, वैदेशिक रोजगार व्यवसायी संघलगायतका संस्थाहरुसँग अन्तरक्रिया गरिरहेको बताइएको छ । निवर्तमान मन्त्री भण्डारीको कार्यकालमा जारी भएका जापान, इजरायल र कोरियामा निजी क्षेत्रका म्यानपावर कम्पनीबाट कामदार पठाउने कार्यविधिसहित पूर्वप्रस्थान अभिमुखीकरण तालिमको बढाइएको शुल्कप्रति असहमति जनाएका मन्त्री अर्यालले कार्यदलले दिने प्रतिवेदनमा आउने सुझावपछि मात्रै नयाँ निर्णय गर्ने अडान राखेका छन् ।

प्रतिवेदन आएपछि मात्रै महत्वपूर्ण विषयमा निर्णय गर्ने अडानले तत्कालै परिणाममुखी काम गर्ने मन्त्री अर्यालको हुटहुटी र रापतापसमेत सेलाउने कतिपयले टिप्पणी गरेका छन् । सरकारले नभइ निजी क्षेत्रले मात्रै कामदार पठाउन पाउनुपर्ने मान्यता राख्ने निजी क्षेत्रका वैदेशिक रोजगार व्यवसायीहरु मन्त्रालयले व्यवसायीको भूमिका खुम्च्याउने गरी गरेका निर्णय तत्कालै परिवर्तन नगरे हालको बेचैनी र छटपटी तनावमा परिणत हुनसक्ने बताउन थालेका छन् ।

## पोर्चुगलमा...

कटुञ्जेका ३० वर्षीय धनबहादुर तामाङको समुद्रमा डुबेर मृत्यु भएको हो । सोही स्थानका ३८ वर्षीय टेकबहादुर तामाङ भने बेपत्ता भएका छन् । दुवै जना शनिबार राति बेपत्ता भएको तामाङ समाज पोर्चुगलका अध्यक्ष गोपाल योञ्जनले मध्यान्हलाई जानकारी दिए । बेपत्तामध्ये धनबहादुरको शव आइतबार उद्धार टोलीले समुद्रमा भेट्टाएको थियो । टेकबहादुर भने हालसम्म बेपत्ता रहेको योञ्जनले बताए ।धनबहादुर र टेकबहादुरसहित अन्य दुई नेपाली पनि सामुद्रिक (जीव) खाना खोज्न समुद्रमा गएका थिए । बेपत्ता टेकबहादुरको झोला र बाल्टी मात्रै भेटिएको उनले बताए । धनबहादुरको शव परीक्षणका लागि मोन्तिजोस्थित बरेइरो अस्पतालको शवगृहमा राखिएको छ ।

धनबहादुर र टेकबहादुरसँगै समुद्रमा गएका साथीले दुवै जना समुद्रमा बेपत्ता भएको बताएपछि उद्धारका लागि तत्काल प्रहरीलाई खबर गरिएको मोन्तिजो नेपाली समाज पोर्चुगलका सचिव प्रबल भट्टराईले जानकारी दिए । उद्धार टोलीले शनिबार देखि नै विभिन्न माध्यम मार्फत् उनीहरुको खोजी गरेको थियो । बेपत्ता भएका टेकबहादुरको खोजीकार्य जारी रहेको भट्टराईले बताए ।

धनबहादुर वैदेशिक रोजागारीको सिलसिलामा फ्रान्स हुँदै गत वर्ष पोर्चुगल आएका थिए भने चार महिनाअघि क्रोयसिया पुगेका टेकबहादुर १८ दिनअघि मात्रै पोर्चुगल आएका थिए । नाताले काकाभतिज पर्ने दुवै जना मोन्तिजो बस्दै आएका थिए । घटनाको विषयमा नेपालमा रहेका उनीहरुका परिवारलाई जानकारी गराइसकिएको बताइएको छ ।


## किस्पाङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**काहुले, नुवाकोट**
**वाग्मती प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृतका लागि आशयको सूचना

**(प्रकाशित मिति :२०८०/१२/२७)**

यस कार्यालयबाट सार्वजनिक खरिद अनुगमन कार्यालयको विधुतीय Portal www.bolparta.gov.np/egp मार्फत मिति २०८०/११/१८ गते प्रकाशित बोलपत्र आह्वानको सूचना बमोजिम रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कनको आधारमा सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) र ४७ को प्रयोजनका लागि आशयको सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**तपसिल**

| क्रम सं | ठेक्का नं. | कामको विवरण | सारभुतरुपमा प्रभावाग्राही बोलापत्रदाता वा फर्मको नाम र ठेगाना | कबोल अंक रु. (भ्याट र PS सहित) |
|---|---|---|---|---|
| 1. | KRM/NCB/W/07/2080/81 | Construction of Hangkangsyong Khola Muhan gari Manakamana Fikuri WPS | Neupane Construction Bidur-5, Nuwakot | Rs.64,90,182.01 |

**प्रमुख प्रशासकीय अधिकृत**



### Invitation for Electronic Bids

## Barju Rural Municipality
## Office of Rural Municipality Executive
**Amahibelha, Sunsari**

**Invitation for Bids for the as per table below.**
**Contract Identification No: BRM/SUNSARI/SQ/GOODS/4/2080/81**
**Date of publication: 09-04-2024**

1. Barju Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the Procurement of Gelabari Truss Bridge Steel parts Fabrication.
2. A complete set of Bidding Documents may download the bidding documents for e-submission from PPMO’s Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid should deposit the cost (as specified above) of bidding document in the Project’s Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: NIC Asia Bank Limited. Inaruwa Branch
   Name of Office: Barju Rural Municipality
   Office Code no. : 801011410
   Office Account no.:2432050027873004
   Rajaswa (revenue) Shirshakno. :AANTRIKRAJASWA KHATA-BARJU GAUPALIKA
3. Pre-bid meeting shall not be held.
4. The bids will be opened in the presence of Bidders’ representatives who choose to attend at 2:00 PM, 24th April 2024 at the office of Barju Rural Municipality Amahibelha, Sunsari. Bids must be valid for a period of 45 daysafter bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format which shall be valid for 30 days beyond the validity period of the bid. Or cash deposit the bid security amount.
   Name Of the bank :NIC Asia Bank Limited. Inaruwa Branch
   Name of Office: Barju Rural Municipality
   Office Code no. : 801011410
   Office Account no.: 243CA50017628005
   Account Name : DHARAUTI KHATA-BARJU GAUNPALIKA
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

| S.N. | Name of Project | Contract Id. No. | Total Estimate Amount (Excluding VAT & Contingencies) | BidSecurity Amount NRs. | Bid Document Amount (NRs.) |
|---|---|---|---|---|---|
| 1 | Gelabari Truss Bridge Steel parts Fabrication. | BRM/SUNSARI/SQ/GOODS/4/2080/81 | 14,43,702/- | 43,000.00 | 3,000.00 |

**Chief Administrative Officer**

# कार्यसम्पादनमा अब्बल एसपी श्रेष्ठको सात महिनामै सरुवा

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २६ चैत



रौतहटमा कार्यसम्पादनमा अब्बल मानिएका प्रहरी उपरीक्षक महेन्द्रकुमार श्रेष्ठको सात महिनामै सरुवा भएको छ । जिल्ला प्रहरी कार्यालय रौतहटको कमाण्ड सम्हालेका प्रहरी उपरीक्षक श्रेष्ठले सात महिनाको अवधिमा लक्ष्य भन्दा बढी कार्यसम्पादन गरेका थिए ।

उपरीक्षक श्रेष्ठको अवधि नपुग्दै सुदूरपश्चिम प्रदेश कार्यालयको आर्थिक प्रशासन तथा प्रबन्ध महाशाखा कैलालीमा दरबन्द रहने गरी प्रहरी प्रधान कार्यालय आतंकवाद प्रतिरोध संयन्त्र सचिवालयमा काजमा राखिएको छ । सामान्यतः एक वर्ष अवधि पूरा भएपछि मात्रै जिल्ला प्रहरी प्रमुखहरु परिवर्तन गरिँदै आएको थियो । प्रहरी उपरीक्षक श्रेष्ठसहित जिल्ला प्रहरी कार्यालय बारा, महोत्तरी, धनुषा, सर्लाही, बाँके र नुवाकोटका प्रहरी प्रमुखहरुको समेत सरुवा भएको छ ।

एसपी श्रेष्ठले साउनदेखि चैत २३ गतेसम्म पाएका २० वटा सूचकमध्ये ९० प्रतिशत सूचकमा लक्ष्य भन्दा बढी सफलता हासिल परेको पाइएको छ । जिल्ला प्रहरी कार्यालयमा कार्यरत विभिन्न तह र तप्काका कर्मचारीहरुलाई समयमा निर्देशित गरेर कार्य सम्पादन मूल्यांकनमा एसपी श्रेष्ठको सात महिने कार्यकाल पूर्ण रुपमा सफल रहन पुगे ।

वर्ष भरीमा मुद्दा दर्ता हुँदा कम्तिमा ७० प्रतिशत फर्छ्यौट गर्नुपर्नेमा पछिल्ला ७ महिनाको अवधिमा ३ सय ९८ मुद्दा फर्छ्यौट गरेर ५४ दशमलव ५९ प्रतिशत लक्ष्य हासिल गरेका थिए । पेण्डिङ मुद्दामा वार्षिक २० प्रतिशतको लक्ष्यमा ७ महिनामा २१ दशमलव ७३ प्रतिशत, ज्यान सम्बन्धी मुद्दामा ८५ प्रतिशत वार्षिक लक्ष्यमा ५० प्रतिशत फर्छ्यौट, महिला, बालबालिका तथा जेष्ठ नागरिकतर्फ ६३ दशमलव १५ प्रतिशत प्रगति, सवारी ज्यान मुद्दातर्फ ७५ दशमलव ७५ प्रतिशत प्रगति, लागुऔषध मुद्दातर्फ ८६ दशमलव ३६, विद्युतीय कारोवार मुद्दातर्फ शतप्रतिशत, चोरी तथा डाँका सम्बन्धी मुद्दा दर्तातर्फ लक्ष्य ८५ प्रतिशत लक्ष्य रहेकोमा ९३ दशमलव १८ प्रतिशत प्रगति भएको, फैसला कार्यान्यन फरार प्रतिवादीतर्फ २५ प्रतिशत लक्ष्य रहेकोमा १६ दशमलव २७ प्रतिशत प्रगति भएको उपरीक्षक श्रेष्ठले बताए ।

यसैगरी मुद्दा चल्ने ४ वटा कार्यालयको हिरासत कक्षमा चार वटै पुस्तकालय खडा गरेर लक्ष्यको शतप्रतिशत पूरा गरेको, भन्सार छली तस्करी विगतको अवस्था भन्दा ५ प्रतिशत यसवर्ष वृद्धि भएकोमा पछिल्लो ७ महिनामा ६६ दशमलव ७२ प्रतिशत प्रगति गरेको, अग्नि नियन्त्रक सामग्री ४० वटा युनिटमा जडान गर्नुपर्नेमा २५ युनिटहरुमा राखेर ६२ दशमलव ५ प्रतिशत लक्ष्य पूरा गरिएको, राजमार्गमा एक थान सीसीटीभी जडान गराएर निगरानीसहितको सुरक्षा चेक प्वाइन्ट स्थापना गर्ने कार्यको पहल भइरहेको एसपी श्रेष्ठले बताए ।

यस्तै समुदाय प्रहरी साझेदारी कार्यक्रम कम्तिमा ५ सय ५० पटक लक्ष्य रहेकोमा ५ सय २१ पटक सम्पन्न भइ ९४ दशमलव ७३ प्रतिशत लक्ष्य प्राप्त गरेको छ, अल्पसंख्यकसँग कार्यक्रम १५ पटक गर्नेमा अहिलेसम्म १४ पटक सम्पन्न भइ ९३ सय ३३ प्रतिशत लक्ष्य पूरा गरिसकेको, नागरिक सुनवाइ कार्यक्रममा ५० प्रतिशत लक्ष्य पूरा गरेको, प्रहरी कर्मचारीविरुद्ध उजुरी दर्तामा शतप्रतिशत लक्ष्य पूरा भएको, मातहत प्रहरी इकाइहरुको स्थलगत सुपरीवेक्षण अनुगमन कम्तिमा एक सय पटक गर्नुपर्ने १ सय ९९ पटक गरेको, ट्राफिक कारबाहीतर्फ ४१ दशव ८८ प्रतिशत लक्ष्य पूरा गरेको छ ।

एसपी श्रेष्ठले आफ्नो सानो कार्यकालको अवधिमा पाएको जिम्मेवारी पूर्ण रुपमा इमान्दारीका साथ बहन गरेर लक्ष्य भन्दा बढी प्रगति हासिल गरेको बताउँदै उक्त कार्यमा जिल्ला प्रहरी कार्यालयका प्रहरी कर्मचारी तथा मातहतका युनिटहरुको साथ सहयोगका कारण सफलता प्राप्त गरेकोमा सम्पूर्ण प्रहरी कर्मचारीलाई धन्यवाद दिँदै आभार प्रकट गरे । आउँदो समयमा पनि यहाँ आउने नयाँ प्रहरी उपरीक्षकलाई साथ सहयोग दिइ सफल बनाउन आग्रह समेत गरे । सात महिनाको अवधिमा रौतहटबासीले आफूप्रति देखाएको विश्वास एवम् कदरलाई सधैं सम्झि राख्ने तथा पुनः स्थानीयबासी प्रति आभार प्रकट गरे ।

# रोल्पाको परिवर्तन गाउँपालिकामा रोकिएन अफिम खेती

**सुर्य प्रकाश बुढा मगर/मध्यान्ह**
रोल्पा, २६ चैत



२०७८ वैशाख १० मा परिवर्तन गाउँपालिका वडा नं.६ ओहमा अफिम नष्ट गरिएको थियो । २०७९ वैशाख १ मा पनि प्रहरीले परिवर्तन वडा नं.४ सिजाखोलामा करिब ९ कट्ठामा लगाइएको अफिम खेती नष्ट गरेको थियो । रोल्पामा ठूलो मात्रामा उत्पादन गरिएको अफिम खेती प्रहरीको टोलीले नष्ट गर्दै आएको छ ।

परिवर्तन गाउँपालिकाका विभिन्न स्थानहरुमा अवैधरुपमा अफिम खेती भइरहेको भन्ने गोप्य सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालयको टोलीले २०७९ चैत २७ र २८ मा सम्बन्धित ठाउँमै पुगेर सबै अफिम खेती नष्ट गरेको थियो । जिल्ला प्रहरी कार्यालय रोल्पाबाट २०७९ चैत २७ मा प्रहरी नायब उपरीक्षकको नेतृत्वमा ३८ जनाको प्रहरी टोली खटिइ परिवर्तन गाउँपालिका वडा नं.४ पाछाबाङको खोलागाउँ, तारल, बसुन्धरा भन्ने स्थानका करिब २० रोपनी क्षेत्रफलको पाखोबारीमा लगाइएको करिब १८ हजार बोट अफिम खेती फडानी गरी नष्ट गरेको थियो । त्यस्तै २०७९ चैत २८ मा प्रहरी निरीक्षकको नेतृत्वमा ३० जनाको टोलीले सोही गाउँपालिका वडा नं.४ को जरेनी,तातापानी भन्ने स्थानको पाखोबारी र परिवर्तन गाउँपालिका वडा नं.५ राङकोटको बजेनी भन्ने स्थानको जंगल बीचमा रहेको गोठहरु रहेको जमिन गरी जम्मा करिब ८ रोपनीमा लगाइएको ७ हजार ५ सय बोट अवैध अफिम खेती फडानी गरी नष्ट गरेको थियो । २०७९ चैत २७ र २८ मा गरी करिब २८ रोपनी पाखोबारीमा उत्पादन गरिएको २५ हजार ५ सय बोट अफिम नष्ट गरिएको थियो । तर पनि परिवर्तन गाउँपालिकामा अफिम खेती रोकिएको छैन ।

### यो वर्ष पनि अफिम खेती नष्ट

यो वर्ष २०८० चैत २४ गते शनिबार परिवर्तन गाउँपालिका वडा नं.२ हमधारा भन्ने स्थानमा अवैध अफिम खेती गरेको भन्ने गोप्य सूचनाको आधारमा जिल्ला प्रहरी कर्यालयको टोली त्यस ठाउँमा पुगेर अफिम खेती नष्ट गरेको छ । जिल्ला प्रहरी कार्यालय रोल्पाका कार्यालय प्रमुख प्रहरी नायव उपरीक्षक भरत लामा, राष्ट्रिय अनुसन्धान रोल्पाका कार्यालय प्रमुख कुशल थापा मगरसहित गएको १५ जनाको टोलीले अफिम खेती नष्ट गरेको जिल्ला प्रहरी कार्यालय रोल्पाले जनाएको छ । करिब १ रोपनी क्षेत्रफलमा लगाइएको करिब ७/८ सय अफिमको बोट नष्ट गरिएको जिल्ला प्रहरी कार्यालय रोल्पाका प्रवक्ता प्रहरी निरीक्षक राम नारायण गुप्ताले जानकारी दिए ।

### खेती गरिएको क्षेत्र

जिल्ला प्रहरी कार्यालयका अनुसार आर्थिक वर्ष २०७९/८० मा मात्रै प्रहरीले जिल्लाका विभिन्न स्थानबाट ४ सय २० रोपनी क्षेत्रफलमा लगाइएको अफिम खेती नष्ट गरेको थियो । रोल्पाको उत्तरी क्षेत्रमा अफिम खेती विगतदेखि नै हुने गरेको र प्रहरीले पटक-पटक नष्ट गरेपनि अझै पूर्णरुपमा बन्द नभएको प्रहरी रिपोर्टले देखाएको छ ।

स्थानीय तहका जनप्रतिनिधिले पनि अफिम खेतीबारे बोल्न सकेका छैनन् । 'जनप्रतिनिधिले प्रहरीलाई साथ दिनुपर्ने हो । त्यसमा खास चासो देखाइएको छैन,' प्रहरीको भनाइ छ । अफिम खेती गर्नु अवैध हो भनेर सरकारले प्रचारप्रसार, अभियान र चेतनामूलक सन्देश प्रवाह गरेमा यसको न्यूनीकरण हुने प्रहरीको भनाइ छ ।

# वनमा लागेको आगो निभाउने क्रममा एक सैनिकको मृत्यु, तीन घाइते

**पुर्ण सार्की/मध्यान्ह**
डोल्पा, २६ चैत



डोल्पामा आइतबार मध्याह्न लागेको आगो निभाउने क्रममा नेपाली सेनाका एक सैनिकको मृत्यु भएको छ भने तीन जवान गम्भीर घाइते भएका छन् । जुम्ला तातोपानी ४ स्थायी घर भइ देवीदत्त गुल्म दुनैमा कार्यरत २८ वर्षीय हेमन्त रावल रहेको उपचारको क्रममा जिल्ला अस्पताल डोल्पामा निधन भएको जिल्ला प्रहरी कार्यालय डोल्पाका प्रहरी नायब उपरीक्षक हरिकृष्ण केसीले जानकारी दिए ।

यस्तै आगो निभाउने क्रममा देवीदत्त गण 'क'का ३० वर्षीय प्यूठ विजय कोइराला, २३ वर्षीय सिपाही आशिष बुढा, ३८ वर्षीय जम्दार केशव बहादुर मगर घाइते भएका उपरीक्षक केसीले बताए ।

जिल्ला अस्पतालमै उपचाररत जम्दार मगरको अवस्था चिन्ताजनक रहेको प्रमुख केसीले बताए । उनीहरूलाई उपचारका लागि नेपालगञ्जको भेरी अस्पतालसम्म लैजाने भनेर दोस्रो चरणमा आएको हेलिकप्टर रातको समय भएकाले सदरमुकाम दुनैमै रहेको प्रहरी जनाएको छ । गम्भीर घाइते कोइराला र बुढालाई पहिलो चरणमा नेपाली सेनाको हेलिकप्टरमार्फत नेपालगञ्ज पठाइएको छ । आइतबार दिउँसो ब्यारेकको फोहोर जलाउने क्रममा हावाहुरी लागेपछि आगो वनमा सल्किएको थियो । आगो सल्किएलगत्तै त्यसको नियन्त्रणका लागि नेपाली सेनाका दुई वटा गुल्म, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी र स्थानीयको टोली खटिएको थियो । आइतबार आगोले जलेका काठका टुक्राले सोमबार पुनः आगो जागेको थियो ।

# ८ वर्षदेखि अलपत्र बहुउद्देश्यीय कभर्डहल निर्माण सम्पन्न

**धनकृष्ण वि.क/मध्यान्ह**
बाजुरा, २६ चैत



बाजुराको सदरमुकाम मार्तडीमा २ करोड बढी लगानीमा बहुउदेश्यीय कभर्डहल निर्माण भएको छ । बढीमालिका नगरपालिकाले ८ वर्ष अगाडि निर्माण कार्यको थालनी भएको हलको निर्माण कार्य सम्पन्न भएको जानकारी दिएको छ ।

२०७३ सालमा निर्माण कार्य शुरु गरिएको बहुउदेश्यीय कभर्डहल अलपत्र परेपछि बडीमालिका नगरपालिकाको लगानीमा निर्माण सम्पन्न गरिएको हो । कभर्डहल निर्माण अलपत्र परेपछि बडीमालिका नगरपालिकाले २५ लाख रुपैयाँ बजेट विनियोजन गरी निर्माण सम्पन्न गरिएको नगर प्रमुख अमर बहादुर खड्काले बताए ।

२०७३ वैशाख ११ गते तत्कालीन उपप्रधान तथा रक्षामन्त्री भीम रावलले कभर्डहलको शिलान्यास गरेका थिए । संविधानसभा सदस्य तथा तत्कालीन उद्योग मन्त्री कर्ण बहादुर थापाको संसद विकास कोषबाट बजेट विनियोजन गरी निर्माण कार्य थालनी गरिएको थियो । थापाको संसद विकास कोषबाट ५० लाख विनियोजन भएपनि निर्माण कम्पनीले सम्झौताअनुसारको काम नगरेको जिल्ला खेलकुद समितिको तथ्याकंमा उल्लेख छ ।

२०७४ सालमा खेलकुद परिषदबाट ४० लाख, २०७५ सालमा खेलकुद परिषदबाट पुनः ४० लाख गरी ८० लाख र २०७५ सालमा सांसद लालबहादुर थापाको संसद विकास कोषबाट ४५ लाख विनियोजन भएको भए पनि ठेकदारको लापरबाहीका कारण काम हुन नसकेको खेलकुद विकास समितिले जनाएको छ ।

त्यसैगरी २०७६ सालमा सुदूरपश्चिम प्रदेश खेलकुद परिषदबाट ५० लाख रुपैयाँ विनियोजन भएपछि निर्माण व्यवसायी रामप्रसाद रेग्मीले निर्माण कार्यको जिम्मा लिएका थिए । त्यतिबेला सबै रकम निकासा भएपनि काम भने पूरा नभएको खेलकुद विकास समिति बाजुराका अध्यक्ष राकेश थापाले बताए ।

कभर्डहल निर्माणमा तीनै तहका सरकारले बेवास्ताका कारण निर्माण पूरा नहुँदै अलपत्र परेपछि बडीमालिका नगरपालिकाले २५ लाख बजेट विनियोजन गरेर हाल निर्माण कार्य सम्पन्न गरेको हो । बाजुराको खेल क्षेत्रको विकास र यहाँका युवाहरुलाई खेल क्षेत्रतर्फ आकर्षित गराउने उद्देश्यका साथ उक्त कभर्डहल निर्माणको थालनी गरिएको थियो । सदरमुकाममा सामान्य खालको खेल मैदानसमेत नहुँदा यहाँका खेलाडीहरुले सरकारी विद्यालयसँग मैदानका लागि गुहार गर्नुपर्ने बाध्यता रहेको छ ।


## अनलाइन पत्रिका बन्द हुने सूचना

**सूचना प्रकाशित मिति २०८०/१२/२७**

यस www.onsnews.com नामक अनलाइन पत्रिका पछि कुनै दायित्व बाँकी नरहने गरी बन्द गर्न लागिएको हुँदा तत् सम्बन्धमा कोही कसैको लेनदेन बाँकी बक्यौता भएमा यो सूचना प्रकाशित मितिले १५ दिनभित्र कार्यालय समयमा सम्पर्क गरी हिसाब मिलान गर्नहुन अनुरोध गर्दछौं ।

**www.onsnews.com परिवार**



## Invitation for Online Sealed Quotations

**Sangurigadhi Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Koshi Province, Dhankuta**

**Invitation for Online Sealed Quotations for the Construction of Jalakanya Mavi Bhawan and Besitole Samudayik Bhawan Nirman.**

**Contract Identification No: SRM/SQ/Works/12/2080/081**
**Date of publication: 2080/12/27 (2024/04/09)**

The Sangurigadhi Rural Municipality invites online sealed quotations for the construction **Jalakanya Mavi Bhawan and Besitole Samudayik Bhawan Nirman.**

1. The estimated amount for the works is as below Table.

| Contract ID | Descriptions | Estimated Amount (With VAT) NRs | Bid Doc. Fee NRs | Deadline for Bid submission | Bid Opening Date | Bid Security NRs |
|---|---|---|---|---|---|---|
| SRM/SQ/Works/12/2080/081 | Construction Of **Jalakanya Mavi Bhawan and Besitole Samudayik Bhawan Nirman.** | 7,50,789.10 | 1000.00 | 12:00 Hrs of 24th April, 2024 | 13:00 Hrs of 24th April, 2024 | 19,000.00 |

2. Eligible Bidders may obtain further Information from PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who submits their bid electronically may download the bidding documents from www.bolpatra.gov.np/egp till 12:00, 2081/01/12 (2024/04/24). Bidders, submitting their bid electronically, should deposit the cost of bidding document Fee as stated above in the following account.
   Name of the Bank: Nabil Bank Ltd. Sangurigadhi, Dhankuta.
   Name of Office: Sangurigadhi Rural Municipality, Bhedetar, Dhankuta.
   Office Account No (Rajaswa Khata) : 21101017500058
4. Sealed bids must be submitted to the through www.bolpatra.gov.np/egp on or before 12:00 on 2081/01/12 (2024/04/24). Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00, 2081/01/12 (2024/04/24). The Office of Sangurigadhi Rural Municipality, Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NRs. 19,000.00 which shall be valid for 30 days beyond the validity period of the bid.
6. Bid must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amount deposited at Dharauti Khata A/C No. 21101017500037 on the behalf of Sangurigadhi Rural Municipality at Nabil Bank Ltd, Sangurigadhi Branch. or

Bidder who chooses to submit their bid security amount as Bid bond, the bid bond should be issued from authorized and recognized commercial bank or financial institution eligible to issue bank guarantee as per prevailing law of Nepal. A scan copy of bid bond is mandatory.

7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bid should comply in all respects with the Instruction to Bidder included in the bid document no compliance with this instruction shall result in disqualification.
9. All the other condition of bidding process will be as per the public Procurement act 2063 and Public procurement regulation 2064 following all revision.
10. Sangurigadhi Rural Municipality reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Administrative Officer**



## अधिकतम खुद्रा विक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस विज्डम इलेक्ट्रिक इन्टरनेशनलले चाइनाबाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**तपसिल**

| सि. नं. | मालवस्तुको विवरण | आकार प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पादित मूलुक /राष्ट्र | इकाई | अधिकतम खुद्रा विक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | इलेक्ट्रिक रिक्सा | इलेक्ट्रिक | ट्रेस | FT3 | 560 kg/4 Passenger & 1 Driver | चाइना | पिस | २,५५,५०० | |
| २. | इलेक्ट्रिक रिक्सा | इलेक्ट्रिक | ट्रेस | K1 | 440 kg/4 Passenger & 1 Driver | चाइना | पिस | २,११,००० | |

**अधिकृत बिक्रेताः विज्डम इलेक्ट्रिक इन्टरनेशनल**
**बिरगंज–१३, श्रीपुर, पर्सा, सम्पर्क–९८५५०१६४०४**

**एक्जिम कोड नं. ६२०५७०२६४०१०५ NP**
**फोन नं ९८५५०२५०५१**





मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२७ चैत २०८०, मंगलबार
9 April 2024, Tuesday

सम्पादकीय

## संविधानमाथि बलमिच्याईं

आमचुनाव सम्पन्न भएको १६ महिना नहुँदै कोशी प्रदेश सरकारमा छैटौं सरकार गठनको प्रक्रिया अगाडि बढेको छ । नेकपा एमाले प्रदेश संसदीय दलका नेता हिक्मतकुमार कार्कीले नयाँ मुख्यमन्त्रीका निम्ति बहुमत सदस्यहरूको हस्ताक्षर प्रदेश प्रमुखको कार्यालयमा बुझाएका छन् । तर नेपाली कांग्रेसका नेता केदार कार्कीले लिन सक्ने संभावित कदमले प्रदेशको राजनीति अनिश्चित बनाएको छ । किनकि कांग्रेस नेता कार्की संविधानको धारा १६८ (५) बमोजिम मुख्यमन्त्री बनेका थिए । कुनैपनि दलको सरकार बन्न सक्ने अवस्था नरहेपछि उपधारा ५ बमोजिम प्रदेश सदस्यको हैसियतले उनी मुख्यमन्त्री नियुक्त भएका थिए । यो उपधारा बमोजिम मुख्यमन्त्री बन्ने व्यक्तिलाई प्रदेशसभा विघटन गरी मध्यावधिमा जाने अधिकार संविधानले दिएको तर्क कांग्रेस नेताहरूले गरिरहेका छन् ।

त्यसैले कोशी प्रदेशको राजनीति अनिश्चयतिर जाने संभावना बढी छ । कोशीकै जस्तो संकट अरू प्रदेशतिर पनि देखिएको छ । गण्डकीमा सभामुखलाई समेत जोडेर एमालेकै नेता खगराज अधिकारी मुख्यमन्त्री नियुक्त भएका छन् । जबकी कोशीमा सभामुख जोडेर बनेको सरकारलाई सर्वोच्च अदालतले मान्यता दिएको थिएन । त्यसबेला सर्वोच्चले सरकार निर्माण प्रक्रियामा सभामुख सहभागी हुन नमिल्ने व्याख्या गरेको थियो । तर सत्तारूढ दलहरूले सर्वोच्चको व्याख्या बेवास्ता गर्दै नयाँ सरकार गठन गरेका छन् । सुदूरपश्चिम प्रदेशको परिस्थिति पनि कोशी र गण्डकीकै जस्तो बाटोतिर अगाडि बढेको छ । त्यहाँ नागरिक उन्मुक्ति पार्टी (नाउपा) भित्रको विवादलाई सत्तारूढले सहयोग गरिरहेको छ । अध्यक्ष रञ्जिता श्रेष्ठ र संरक्षक रेशम चौधरीबीच विवाद बढ्दै गएर पार्टी विभाजनको डिलमा पुगेको छ । अध्यक्ष रञ्जितालाई सरकारले सहयोग गरिरहेको छ ।

जनादेशको अपमान र संविधानको बर्खिलाप हुनेगरी दलहरूको गतिविधि बढ्नुमा लगातार सत्ता समीकरण परिवर्तन हुनु हो । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले एक वर्षभित्रै तीन पटक सत्ता गठबन्धन फेरेका थिए । प्रधानमन्त्रीले गठबन्धन फेरिरहँदा सोही अनुसार प्रदेश सरकार पनि परिवर्तन भइरहेको छ । तर प्रदेशसभाको गणितले साथ नदिएकाले बहुमत जुटाउन सक्ने अवस्थामा दलहरू देखिदैनन् । तर जसरी पनि सरकार परिवर्तन गर्ने चाहनामा दलहरूले संविधानमाथि जानाजान बलमिच्याईं गरिरहेका छन् । दलहरूको बल मिच्याईंले जनतामा राजनीतिप्रति थप बितृष्णा बढिरहेको छ । सुशासनको प्रतिबद्धतामा अविश्वास पैदा भइरहेको छ । सुशासन नैतिकतासँग जोडिएको विषय भएपनि संविधानको बल मिच्याईं दण्डित विषय हो । पक्कैपनि संविधान बदल्ने तागत दलहरूसँग छ । तर सँगै विद्यमान संविधान पालना गर्नु अनिवार्य कर्तव्य हो ।

# अस्थिर राजनीति र जनअपेक्षा

*सरकारको अल्पकालीन र दीर्घकालीन नीति नै कार्यान्वयनमा आउन सक्दैन भने मुलुक समृद्ध कदापी हुँदैन ।*

अग्रलेख



● झलक शर्मा

नेपालको राजनीति फेरि तरङ्गित भएको छ । मुलुकको सबैभन्दा ठूलो दल नेपाली कांग्रेस सत्ताको वियोगमा परेको छ । सत्तामा पुग्न अनेक उपाय रचेको नेकपा (एमाले)ले पुनः नेपाली कांग्रेसलाई धक्का दिएको छ । उखान टुक्का एवम् व्यङ्गात्मक प्रस्तुतिबाट जनतालाई आकर्षित गर्न माहिर एवम् चतुर नेता केपी शर्मा ओलीले फेरि सत्ताको तालाचाबी लिन सफल भएका छन् । एमालेलाई सत्ताबाट विमुख गराउन अनेक तिकडम रचेको कांग्रेस अहिले प्रतिपक्षमा थन्किएको छ । जेहोस् नेपालको राजनीतिक खेल हेर्न लायक बन्दै गएको छ । राज्यको वैधानिक संयन्त्र कति कमजोर र अस्थायी छ भन्ने कुरा यहाँबाट प्रष्ट हुन्छ ।

नेपालका राजनीतिक दलहरू अब जनता प्रेमी छैनन् भन्ने कुरामा दुई मत रहेन । ३२ सिटको तेस्रो दलले सरकारको नेतृत्व गर्दा पहिलो दल प्रतिपक्षमा सीमित हुन पुगेको छ । कुनै राजनीतिक दलको शीर्ष नेताको स्वार्थमा नेपालको राजनीति चलिरहेको छ । सत्तामोहमा दलहरू लाग्दा नेपालको राजनीतिले कुन बेला कस्तो मोड लिन्छ भन्ने नजरअन्दाज गर्न सकिएको छैन । हाम्रो विधि कमजोर हो वा सरकार कमजोर हो त्यस विषयमा गम्भिर छलफल हुनु आवश्यक देखियो । दलहरूले जनमतलाई वेवास्ता गरेको प्रत्यक्ष भान हुन्छ । नयाँदेखि पुराना दल सबै सत्ता उन्मुख हुँदा जनजीविका पक्षमा बोल्दिने दलको भने अभाव नै देखियो । चरम आर्थिक मन्दीका कारण देश अधोगतिमा जाने प्रायः निश्चित नै देखिएको छ । जतिसुकै राजनीतिक परिवर्तन नै भए पनि आर्थिक वृद्धि र समृद्धिमा नेपालको चाल कछुवाकै गतिमा छ ।

केपी शर्मा ओलीले बारम्बार दोहोऱ्याइ रहने "समृद्ध नेपाल सुखी नेपाली"को नारा केवल भाषणमा मात्र सीमित रहने देखिएको छ । राज्यको ढुकुटी सिध्याएर मन्त्री र मन्त्रालय हेरफेर गर्नाले अन्य विकासात्मक काम भने ओझेलमा परेको छ । सरकार सञ्चालनमा राजनीतिक प्रतिसोध साँध्नुले नेपालको आवधिक योजना, बजेट र सरकारका नीति तथा कार्यक्रमहरू कार्यान्वयनमा ठूलो समस्या देखिएको छ । सरकार परिवर्तन एवम् सत्ता समिकरणसँगै अघिल्लो सरकारले गरेका निर्णयहरू बदल्ने नियत देखिन्छ । राम्रा र औचित्यपूर्ण कार्यक्रम निर्णयहरूलाई अगाडि बढाउन सत्ता पक्षको मनसाय देखिँदैन । यसले गर्दा जनतामा अन्यौलता देखिएको छ ।

संघीय सरकार परिवर्तन हुँदा त्यसको प्रत्यक्ष असर प्रदेशमा पनि देखिन्छ । प्रदेशमा कति सरकार फेरिए भन्ने कुरा नै राजनीतिक दलका कार्यकर्तालाई नै जानकारी हुन सक्ने अवस्था छैन । सामान्य नागरिकलाई आफू कुन मुख्य मन्त्रीबाट शासित छौं भन्ने कुरा जानकारी त स्वतः नहुने नै भयो । सरकारको आयु निकै कम हुँदा समृद्धिको सपना कहिले पूरा गर्ने भन्ने प्रश्न सँगसगै आउँछ । सधैं राजनीतिक अस्थिरताको भुमरीमा नागरिक पर्ने हो की समृद्ध जीवन बिताउन सरकारबाट अपेक्षा गर्ने हो यसको जवाफ राजनीतिक दलले दिनैपर्छ । नेपाली जनताले आधारभूत सेवाबाट बञ्चित हुनु परेको छ । राजनीतिक अस्थिरताले देशको सबै क्षेत्रमा असर पारेको हुन्छ । मुख्यतया: सार्वजनिक र विकास व्यवस्थापनमा यसको प्रभाव बढी देखिन्छ ।

मुलुकको सर्वाङ्गिण विकासका लागि राज्यले आवधिक योजना तय गरेको हुन्छ । नेपालमा हाल १६औं योजनाको आधारपत्र आइसकेको छ । १५औं योजना भने कार्यान्वयनकै चरणमा छ । उक्त योजनाले तय गरेका अपेक्षित उपलब्धि हाँसिल गरिन्छ भन्ने कुरामा शंका उत्पन्न हुन्छ । योजनाले राखेको रणनीति उद्देश्यअनुरूप काम भएको त्यस्तो कुनै दृश्य देखिएको छैन । १५औं योजनाको कार्यान्वयनकै चरणमा कोरोना महामारीले प्रत्यक्ष असर पाऱ्यो नै । त्यसले गर्दा नेपालको आर्थिक वृद्धि गर्न कठिनाइ उत्पन्न भयो तर, महामारी साम्य हुँदा पनि सम्बन्धित निकाय मौन नै भएको र त्यता तिर ध्यान नदिएको देखिन्छ । योजनामा उल्लेख भएको तथ्यांकअनुरूप आर्थिक वृद्धि गर्न सकिने अवस्था पनि छैन ।



> *सरकारको बजेट तथा कार्यक्रममा राजनीतिक अस्थिरताले निकै नकारात्मक असर पारेको हुन्छ । सरकारले एक आर्थिक वर्षमा विभिन्न कार्य गर्न बजेट निर्माण गरेको हुन्छ । सोअनुरूप सरकारका गतिविधि सञ्चालन गर्न खोजिरहेका बेला अन्य दल सरकारसँग मिसिँदा वा सत्ता परिवर्तन हुँदा बजेट कार्यान्वयनले पूर्णता पाउँदैन ।*

मुलुकमा भएको सत्ता परिवर्तनले समृद्धिको आधार निर्माण गर्न कति सक्छ वा सक्दैन भन्ने कुरा परीक्षणमा नै रहेको छ । सत्ता जुन दलले नेतृत्व गरोस् राष्ट्रिय योजना नीति कार्यान्वयन गर्नुपर्ने हुन्छ तर, यसमा दलले नैतिकता प्रस्तुत गर्न सकेका छैनन् । नेपालका आवधिक योजनाहरू बढी महत्वकांक्षी छन् । दूरदर्शी सोच, आफ्नो क्षमता र स्रोत मूल्यांकन नै नगरी जनतालाई आकर्षण गर्नलाई हचुवाको भरमा तथ्यांकहरू राख्ने प्रचलन छ । यसले जसअपजसको वातावरण सिर्जना गराएको छ । योजना कार्यान्वयनमा सरकार गम्भिर नहुँदा योजनाले तय गरेको अपेक्षित उपलब्धि हासिल गर्न सकिएको छैन । योजना कार्यान्वयनमा उच्च राजनीतिक प्रतिबद्धता र सबल कर्मचारीतन्त्रको खाँचो पर्छ । त्यसमा कर्मचारीतन्त्रमा तटस्थताको अभाव देखिन्छ । राजनीतिक दलहरूसँग भने समन्वय र सहकार्यको अभाव देखिन्छ ।

सरकारको बजेट तथा कार्यक्रममा राजनीतिक अस्थिरताले निकै नकारात्मक असर पारेको हुन्छ । सरकारले एक आर्थिक वर्षमा विभिन्न कार्य गर्न बजेट निर्माण गरेको हुन्छ । सोअनुरूप सरकारका गतिविधि सञ्चालन गर्न खोजिरहेका बेला अन्य दल सरकारसँग मिसिँदा वा सत्ता परिवर्तन हुँदा बजेट कार्यान्वयनले पूर्णता पाउँदैन । अर्को दलले सरकारको नेतृत्व गर्दा पहिलाको सरकारले गरेका कार्यक्रमलाई उल्टाउने, पूर्णता नदिने र आफ्नै शैलीमा चलाउन खोज्ने प्रवृत्ति देखिन्छ । सरकारको आर्थिक कार्य योजना नै अलमलमा पर्दा मुलुकमा रहेको स्रोत साधनको पहिचान र परिचालनमा बाधा उत्पन्न भइरहेको छ । आवधिक योजना र बजेट कार्यान्वयनमा नआउँदासम्म मुलुकले समृद्धि हाँसिल गर्न सक्दैन । बेरोजगारी, गरिबी र महँगीले सधैँभर तड्पाई रहेको हुन्छ । लगानीमैत्री वातावरणको अभावले प्रशस्त वैदेशिक लगानी भित्र्याउन कठिनाइ उत्पन्न हुन्छ । समय-समयमा परिवर्तन हुने सरकार र नीतिमा आउने परिवर्तनले लगानीकर्तामा विकर्षण पैदा हुन्छ ।

प्रायः नेपालमा संघीय सरकारको आयु नौ महिना देखिन्थ्यो । तर, संविधान जारीपश्चात् सरकारको आयु दुई वर्षसम्म रहेको छ तर, सरकार समीकरण भने जुनसुकै बेला परिवर्तन र प्रतिस्थापन हुन भने सक्ने वातावरण निर्माण दलहरूले गरेका छन् । बारम्बार सरकार परिवर्तन र सत्ता समीकरण बन्दा छिमेकी राष्ट्र र अन्य राष्ट्रसँग सन्तुलित सम्बन्ध कायम गर्न कठिनाइ उत्पन्न हुन्छ । कुशल कूटनीतिक सम्बन्धको अभावले अन्य राष्ट्रबाट प्राप्त हुन सक्ने सहयोग र लाभ पाउन सक्ने अवस्था रहँदैन । भूपरिवेष्ठित राष्ट्र भएका कारण नेपालले अन्य राष्ट्रसँग धेरै क्रियाकलापमा भर पर्नुपर्ने अवस्था छ । त्यसकारण नेपालले आफ्नो परराष्ट्र नीति र कूटनीतिक सम्बन्धबारे सोचविचार गरेर मात्र तय गर्नु पर्ने हुन्छ । त्यसमा सत्तामा आसीन रहने दलहरूले कस्तो मार्ग निर्माण गर्छन् भन्ने कुरामा भर पर्दछ ।

सरकारको अल्पकालीन र दीर्घकालीन नीति नै कार्यान्वयनमा आउन सक्दैन भने मुलुक समृद्ध कदापी हुँदैन । राजनीतिक अस्थिरता, सरकार ढाल्ने, गठबन्धन भत्काउने र जोड्ने अभ्यासले राजनीतिक प्रतिशोधको भावना सिर्जना हुन्छ । त्यसमा पनि आरोप प्रत्यारोपले काम गर्न सक्ने वातावरण रहँदैन भने दलहरू संवेदनशिल नबन्दा मुलुकमा द्वन्द्व सिर्जनासमेत हुन सक्छ । दलहरूप्रति जनतामा अविश्वास पैदा हुन्छ ।

संघीयताको अभ्यासमा रहेको नेपाललाई साझेदारी शासनमा समेत खटपट देखा पर्न सक्छ । सरकारको कार्यशैली र ढाँचामा परिवर्तन गरी सत्ता पुनर्गठन गर्नु कठिनयुक्त काम हो । जनताले अपेक्षा गरे अनुरूपको सेवा प्रवाह गर्ने र त्यसको व्यवस्थापनमा नयाँ सरकार कति संवेदनशील बन्छ भन्ने कुराको परीक्षण गर्नु पनि आवश्यक छ । जनतालाई निर्वाचनमा मात्र सहभागि गराई शासन प्रकृयालाई तोडेर वा मोडेर लाभ लिने प्रवृत्तिलाई सदाको लागि अन्त्य गर्नुपर्छ । सरकार जसले नेतृत्व गरेता पनि नागरिकले खोजेको सेवा र विकास उपलब्ध भए स्वत जनतामा खुशी छाउँछ । जनताको व्यथा र मर्म राजनीतिक कर्मीले बुझ्नु आवश्यक छ । अहिले सरकारमा रहेर पनि तुरुन्त परिवर्तन ल्याउने र काम गर्न सक्ने वातावरण पनि बनेको छैन । बाह्य शक्तिको प्रभावरहित सार्वभौमसत्ता र राजकीय सत्ता नेपाली जनतामा नै रहोस् भन्ने आम जनताको आशय छ ।

मूलधारको राजनीतिक दलले मुलुकको मुहार फेरुन भन्ने अपेक्षा सर्वसाधारणको छ । मुलुकको आवधिक योजना, बजेट तथा नीतिहरू जुनसुकै सरकारले पनि ग्रहण गर्ने दायित्व हो त्यसलाई मनन् गर्दै सरकारमा रहेका दलले मुलुकलाई समृद्धितर्फ लम्काउनु पर्छ भन्ने चेत जाग्नु पर्छ । अर्थतन्त्रमा निजी क्षेत्रको सहभागिता, लगानीमैत्री वातावरणको निर्माण, कुशल कूटनीतिक सम्बन्ध, सहकार्य र आन्तरिक राजनीतिक प्रतिवद्धताबाट मात्र नेपालले समृद्धिको बाटो तय गर्न सक्छ ।

## सामाजिक सञ्जाल



**- मानवी पौडेल**

लाजको पसारो ! बहालवाला मन्त्री भएर सहकारीमा मेरै २३ लाख डुबेको छ, उठाइदिनेलाई अलिकति दिन्थें भन्न अलिकति लाज लाग्दैन ? मन्त्रीले ठगिएकालाई न्याय दिलाउने कानून बनाउन सम्बन्धित मन्त्रालयसँग समन्वय गर्ने हो कि अलिकति दिन्थे भन्दै नालायकिपन देखाउने हो ?



**- भीमार्जुन आचार्य**

कानून, संविधान, अदालतको फैसला केही पनि नमान्ने (फैसलामा असहमति जनाउन सकिन्छ तर, मान्दैन भन्न सकिँदैन) र कुनै काम पनि नगर्ने प्रदेशहरू देश र व्यवस्था कै बोझ हुन । जतिसक्दो छिटो खारेज गरौं । विलम्बले निम्ताउने परिणामको हेक्का राखौं ।



**- कृष्ण अर्याल**

सरकार त नालायकै भैहाल्यो हाम्रो समाज त्योभन्दा गए गुज्रेको छ । कोही भौतिक र शारिरीकरूपमा सवल छ भने समाजले उसको मर्यादा गर्छ । कमजोर र निर्धो मानिसलाई समाजले तिरस्कार गर्छ । स्थानीय अवसरबाट पनि बञ्चित गर्छ । नैतिकता र इमान्दारिताको प्रमाण खोज्छ, विदेशिन बाध्य गराउँछ । सामाजिक शोषण गर्छ ।



**- सेतेमान तामाङ**

नेपाली राजनीतिमा राजनीतिक नेताहरूको विचार भनेकै भ्रम सिर्जना गर्ने हो, दुरदर्शिता भनेकै आरोप लगाउने हो, नैतिकता भनेको जति सक्छ उति नै लुट्ने र अरुले लुट्न हुने मैले/उसले लुट्दा के भयो भन्ने हो । यी उत्तेजनात्म षडयन्त्रको आधारमा मतदान गर्ने र नेतृत्व निर्वाचित गराउने नागरिकको दायित्व हो ।

## तपाईंको राशिफल

मेष : नौलो कार्य प्रारम्भ हुनेछ । सबै कार्यमा शक्ति लगाउनु पर्छ ।

वृष : अनावश्यक यात्रा गर्नु हुँदैन । अनावश्यक विवादको योग छ ।

मिथुन : स्वास्थ्य कमजोर रहनेछ । पैतृक सम्पत्ति मिल्ने योग छ ।

कर्कट : स्वास्थ्य राम्रो रहनेछ । सम्पत्तिमा वृद्धि हुनेछ ।

सिंह : सामान्य रूकावटले अशान्ति दिनेछ । जग्गासम्बन्धी कार्यमा वृद्धि हुनेछ ।

कन्या : बाहिरी सहयोगमा कमी आउनेछ । विवादमा हुने योग छ ।

तुला : लेनदेनमा सावधानी राख्नुहोला । दैनिक कार्यमा प्रगति हुनेछ ।

वृश्चिक : दिदी बहिनीहरूको सहयोग प्राप्त हुनेछ । व्यर्थको यात्रा र परेशानीको योग छ ।

धनु : शुभ कार्यमा बढी खर्च हुने देखिन्छ । भौतिक साधन उपलब्ध भइरहनेछ ।

मकर : व्यापारिक लाभ हुनेछ । धैर्यसित कार्य गर्नु राम्रो हुनेछ ।

कुम्भ : सम्बन्धहरूमा सुधार आउनेछ । राजकीय कार्यमा वृद्धि हुनेछ ।

मीन : शिक्षासम्बन्धी कार्यमा रूकावट आउनेछ । भूमि लाभ हुनेछ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरु)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# प्रायोजित संसदीय छानबिनले निम्त्याएको संकट

विचार



● विकेश श्रेष्ठ

> *छानबिन समितिले कानून व्यवस्थाको औचित्य र प्रहरी (सीआईबी)संगठनले गरेको कर्तव्यनिष्ठ कार्य उल्ट्यायो, प्रश्न उठायो । नजीर बन्यो । यो घटनालाई नेपाली बौद्धिक समाज मिडिया र राजनीतिमा खासै चासो र चिन्ताको विषय बनेन ।*

संसद्मा प्रतिपक्षले सुन तस्करी छानबिन आयोग बनाउन दबाब दियो । छानबिन आयोग बन्यो, रिपोर्ट दियो । छानबिन रिपोर्टको निष्कर्ष- कानून व्यवस्थाको औचित्य र प्रहरी (सीआईबी) संगठनले गरेको कर्तव्यनिष्ठ कार्य उल्टायो, प्रश्न उठायो । नजीर बन्यो । यो घटनालाई नेपाली बौद्धिक समाज मिडिया र राजनीतिमा खासै चासो र चिन्ताको विषय बनेन । तर, यो घटनाको कारण दीर्घकालीनरूपमा राज्य व्यवस्थामा गम्भीर क्षति पुग्यो ।

राज्यका निकाय तथा कर्मचारीहरूले संविधान, कानूनी राज्य पालकको रूपमा होइन राजनीतिक दलगत स्वार्थअनुसार कर्तव्य र सेवा प्रदान गर्ने अवस्थामा पुगेको छ । कयौं कमजोरी र चुनौतीको बाबजुद सीआईबीले इतिहासमा पहिलो पटक भ्रष्टाचारको कारबाहीको पहल गरेको थियो । त्यो कार्यको प्रोत्साहन गर्नुको सट्टा टिममाथि नै कारबाही गरियो । गृहमन्त्री पनि फेरिए । गठबन्धन बदलिए । कर्मचारीतन्त्रमा गुमनाम सन्त्रास फैलियो । यस्तो अवस्था आयो राष्ट्र सेवक कर्मचारीहरूले विवेकपूर्ण कर्तव्यनिष्ठ भएर कार्य गर्नुको कुरा सम्भव रहेन । माथिको आदेशमा पनि काम गर्ने वातावरण रहेन । यस घटनाबाट निर्वाचित सरकार त अस्थिर छँदै थियो, स्थायी सरकार अर्थात् सरकार भनिएको राज्य व्यवस्था पनि अस्थिरताको भुमरीमा फस्यो र फसाइयो ।

प्रहरीका उच्च अधिकारीलाई कारबाही गरिनुमा एक/दुई जनालाई गरिएको कारबाही भन्ने मात्रै बुझिन्छ समग्र प्रहरी अधिकारीमाथि मनोवैज्ञानिकरूपले कारबाही गरेको बुझिन्छ । यो घटनाले प्रहरी अधिकारीहरूमा अब कसको आदेश पालना गर्ने वा कसरी काम गर्ने भन्ने निकै ठूलो अन्योलता देखिएको छ । उनीहरु मनोवैज्ञानिक हिसाबले निकै कमजोर बनेका छन् । कानुनले जुन अधिकार सम्पन्न बनाएको थियो, आज उनीहरूको अधिकारमाथि प्रश्न उठेको छ ।

सुन तस्करीको विषय नसेलाउँदै राजनीतिक वृत्तमा अहिले सहकारी ठगी प्रकरण सहित थुप्रै विषयहरू अगाडि आएका छन् । सुन तस्करी प्रकरणमा जसरी तत्कालीन प्रतिपक्षी दल नेकपा (एमाले), रास्वपा, राप्रपालगायतले संसदीय समिति बनाउन अडान लिए र संसद् तताए आज सहकारी प्रकरणमा पनि अहिलेको प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले सदन तताएको छ । कांग्रेसले सुन तस्करीमा जस्तै छानबिन समिति नबनाइए सदन चल्न नदिने उद्घोष गरेको छ । सहकारी प्रकरणमा मुछिएका गृहमन्त्री रवि लामिछानेलाई बर्खास्ती गर्नुपर्ने पक्षमा कांग्रेस देखिन्छ ।

विगतमा एमालेले र अहिले कांग्रेसले लिएको अडानलाई हेर्दा, विषय जायज नै देखिन्छ । तर, दुवैको अन्तरनिहित राजनीतिक स्वार्थले राज्यको स्थायी संयन्त्रलाई भने निकै कमजोर बनाउँदै लगेको छ । आज प्रत्येक इश्यूमा संसदीय समितिको माग उठाइँदा स्थायी संयन्त्र भूमिकाविहीन मात्रै भएका छैनन् स्थायी संयन्त्रकै औचित्यमाथि पनि प्रश्न उठेको छ ।

निष्कर्षमा, हामीले स्थायी राज्य संयन्त्रलाई कमजोर बनाउँदै लैजाँदा के राज्य व्यवस्था सही ढंगले सञ्चालन हुन सक्ला ? के परिवर्तन भइरहने अस्थायी संयन्त्रले मुलुकलाई थप गतिहीन नबनाउला ? प्रश्न गम्भीर शैलीमा उठेको छ । स्थायी संयन्त्रको पुनर्संरचना आवश्यक छ । चाहे प्रहरी संयन्त्र होस्, चाहे निजामती संयन्त्र होस्, चाहे अर्को कुनै संयन्त्र, सबैको पुनर्संरचना आवश्यक छ । तर, आज पुनर्संरचना होइन्, औचित्यहीन बनाउँदै संरचना नै विघटनतर्फ लगिँदैछ । जुन समग्रमा दुर्भाग्य नै हो ।

# मानव अस्तित्व जोगाउन प्रकृतिको संरक्षण गरौं : प्रजिअ रेग्मी

**मनोज साह/मध्यान्ह**
रौतहट, २६ चैत



रौतहटका प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीले हरेक किसिमका अभियान थालनी गर्दा एक्लो हुने भएपनि सार्थकता भने पाउनुपर्ने बताएका छन् । हरेक व्यक्तिले आफ्नो जन्मदिनलाई सत्कर्म र पुण्यसँग जोडिनुपर्ने उनको धारणा छ । रौतहटको चन्द्रपुरमा सोमबार 'जन्मदिनलाई सत्कर्ममा जोडौं अभियान'अन्तर्गत वृक्षारोपण कार्यक्रममा बोल्दै उनले पृथ्वी र प्रकृतिसँग मानव सम्बन्ध जोडिएकाले प्रकृति नभएमा मानव अस्तित्व नरहने उल्लेख गर्दै यसबारेमा धेरै जानकार भएपनि व्यवहारमा लागू नभएको बताए ।

प्रकृति नै हाम्रो जीवन हो भन्ने चेतना मानवमा हराउँदै गएकोप्रति उनले चिन्ता व्यक्त गरे । प्रकृतिलाई माया र संरक्षण गर्नुपर्ने धारणमा हराउँदै गएकाले यसलाई जागृत गर्ने बेला भएको उनले बताए । प्रकृति भनेको रुख बिरुवाको संरक्षण, वृक्षारोपण, हरियाली सिर्जना, जीवजन्तुको संरक्षण र खोला तटबन्ध गर्नेलगायतका कार्यहरु रहेको उनले चर्चा गरे । अहिले गाँउ घरमा रहेका ठूला ठूला वर-पिपलका रुख अघिल्ला पुस्ताले रोपेको र अहिलेकाले छहारी र शितलता पाएको उनले बताए । अहिलेको पुस्ताले रोपेका बिरुवाको उपभोग पछिका पुस्ताले गर्ने उनको भनाइ थियो । हरेक दृष्टिकोणले बोटबिरुवा आवश्यक भएकाले जन्मदिन वृक्षारोपण गरेर मनाउन उनले सुझाव दिए । यसअघि पर्सामा रहँदा वीरगञ्जमा समेत हरित अभियान सञ्चालन गरिएको उनले स्मरण गरे ।

सो कार्यक्रममा डिभिजन वन कार्यालय रौतहटका प्रमुख शैलेन्द्र मिश्राले वन विनास गर्नेलाई संरक्षण वा वृक्षारोपणका लागि सुझाव दिने गरेको बताए । वन संरक्षण गर्नु सबैको दायित्व भएकाले आ-आफनो क्षेत्रबाट सहयोग गर्नुपर्ने उनको धारणा छ । वनको महत्व र फाइदा सबैले बुझ्नुपर्ने उनको भनाइ छ । डिभिजन वन कार्यालय चन्द्रनिगाहपुरले वन संरक्षणत्मक काम गर्दै आएको उनले बताए ।

कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रीय सचिव गोविन्द प्रसाद चौलागाईंले सामाजिक वा पुण्यको कार्य गरेर परम्परात शैलीमा जन्मदिन मनाउनुपर्ने बताए । जन्मोत्सवमा महँगो होटलमा भोज गर्नु गलत भएको उल्लेख गर्दै उनले वृक्षारोपण गरेर जन्मदिन मनाउन आग्रह गरे । नयाँ पुस्तालाई संस्कार सिकाउनका लागि पनि सत्कर्म आवश्यक रहेको उनले बताए ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ रौतहट शाखाका सहसचिव दिपेश पौडेल, पूर्वकोषाध्यक्ष रमेश तिमल्सिना, पत्रकार अनमोल कार्की, सुब्बा कार्कीसहित स्थानीय खडग बहादुर कार्की, चेतनगरका समाजसेवी श्याम श्रेष्ठ सिन्धुरेघारी माविका प्रधानाध्यापक सत्रुधन प्रसाद साह, सन्तपुर, जुडिबेला माविका प्रधानाध्यापकको उपस्थिति रहेको थियो ।

सो अवसरमा चाँदी नदीको किनारमा रहेको जमिनमा विभिन्न प्रजातीका बिरुवाहरु रोपिएको थियो । तराई विकास तथा सञ्चार केन्द्र काठमाडौंको आयोजनामा भएको वृक्षारोपण अभियान निरन्तर चलिरहने जनाइएको छ । यो अभियान जुडिबेला, गैंडाटार, पौराइ, बागमती हुँदै चोचामैरासहित सबै क्षेत्रमा सञ्चालन गर्ने आयोजकको योजना रहेको छ ।

## Dilasaini Rural Municipality
## Office of the Rural Municipal Executive
**Dilasaini, Baitadi**
**Sudur Pashchim Province, Nepal**

### Invitation for E-Bids Procurement for construction of Dilasaini Khanepani Yojana, stage -2 & Baim-Manekuda-Dhand Road

**TENDER NOTICE NO. : DRM/BTD/WORKS/NCB/07-2080-081**
**TENDER NOTICE NO. : DRM/BTD/WORKS/NCB/08-2080-081**
**First Date of Publication: - 2080-12-27 Bs (2024-4-9) Ad**

1. A complete set of Bidding Documents and further information can be inspected by visiting the PPMO'S website www.bolpatra.gov.np/egp.

| S N | Contract No | Description of Works | Estimated Amount (Exclusive of Ps, contingency & VAT) | Bid Security Amount (NRs) | Bid Document Price (NRs) |
|---|---|---|---|---|---|
| 1 | DRM/BTD/ WORKS/NCB/07-2080-081 | Procurement for Construction of Baim-Manekuda-Dhand Road at ward no. 07 | 8438058.10 | 250000/- | 3,000/- |
| 2 | DRM/BTD/ WORKS/NCB/08-2080-081 | Procurement for Construction Of Dilasaini Khanepani Yojana, stage -2 at ward no. 04 | 4787224.89 | 145000/- | 3000/- |

**(Chief Administrative Officer)**

**Karnali Province Government**
**Ministry of Physical Infrastructure and Urban Development**
**Infrastructure Development Directorate**
## Infrastructure Development Office
**Dailekh**

### Notice for Opening of Price Bids

**Date of Publication: 2080/12/27 (09th April, 2024)**

1. Pursuant of Clause 31 (Nga), sub clause 5 of public procurement Regulation,2064, (including amendments) this is to notify all the concern bidders, participated in the bidding of contract invited through IFB-: **01-080/081(2Re) &** IFB-: **06-080/081** published in national daily newspaper 0n 2080/11/20 & 2080/10/28 Respectively. The technical bids of following listed bidders for contracts are qualified.
2. All the qualified bidders are notified to participated in opening of Price bids scheduled on 2081/01/04 (16 April 2024) 13:00 hours at the Infrastructure Development Office, Dailekh.

| S.N | Contract ID No: | Description and location of works | Qualified Bidders |
|---|---|---|---|
| 1 | IDO/Dailekh/W/ NCB/01/080-081(2Re) | Sangatada-Chamunda-Bindrasaini Sadak Khanda ko Daungsur Dekhi Cha. Bi . Na. Pa 8 Bhotechautara Madyapahadi Jodne Sadak Istar Unnati | M/S Badimalika-M.M JV |
| | | | M/S Indra Devi-Sagar-Regmi JV |
| | | | M/S Nanjila And Aakansha/ Jwala Panchakoshi JV |
| | | | M/S JASHLING/RARA TENJIN JV |
| 2 | IDO/Dailekh/W/ NCB/28/080-081 | Construction of Taraghad Khola Motorable Bridge Mahabu Gaunpalika,Dailekh | M/S G.T Construction,Surkhet |
| | | | M/S R.B Construction,Dailekh |

**Act. Office Chief**

## बेलका नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**रामपुर, उदयपुर**
**कोशी प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**मितिः २०८०/१२/२७**

यस नगरपालिकाले चालु आर्थिक बर्ष २०८०/२०८१ मा नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) उत्खनन्, संकलन तथा विक्री कर उठाउने सम्वन्धी बोलपत्र आह्वानको सूचना तथा निम्न कार्यको बोलपत्र आह्वानको सूचना बमोजिम पेश हुन आएका बोलपत्रहरु खोली मूल्याङ्कन गर्दा निम्न बोलपत्र सारभूत रुपमा प्रभावग्राही भई बोलपत्र मूल्याङ्कन समितिबाट स्वीकृतिको लागि सिफारिस भई आएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैमा यो ७ (सात) दिने बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरीएको छ ।

**निम्न**

| क्र.सं. | ठेक्का नम्बर | बोलपत्रको नाम नाम | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | स्वीकृत रकम रु (मू.अ.कर तथा पि.एस. सहित) |
|---|---|---|---|---|
| १ | 05/BELAKA/ REVENUE/NCB/ GO/2080-081 | गदेरी खोला (वडा नं. ३ र ५), मैनी खोला (वडा नं. ५) र खरोरीया खोला (वडा नं. १) क्षेत्रबाट दिगो रुपमा ढुङ्गा, गिट्टी तथा बालुवाको सङ्कलन/उत्खनन् | मानन कन्सट्रक्सन प्रा.लि. सुन्दरहरैचा, मोरङ | ४४,२६,२१८.०० |
| २ | 12/BELAKA/ NCB/W/2080-081 | Construction of Babala Health Post Building | मनोकामना निर्माण सेवा, त्रियुगा नगरपालिका-११, गाईघाट, उदयपुर | ४४,४३,३१५.४३ |

**प्रमुख प्रशासकीय अधिकृत**

## पञ्चपुरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**बाबियाचौर, सुर्खेत**
**कर्णाली प्रदेश, नेपाल**

### पञ्चपुरी नगरपालिकाको प्रस्तावित औद्योगिक ग्रामको वातावरणीय प्रभाव मुल्याङ्कन (EIA) को लागी प्रतिवेदन सम्बन्धी सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८०/१२/२७**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | पञ्चपुरी नगरपालिका नगरकार्यपालिकाको कार्यालय, बाबियाचौर, सुर्खेत, कर्णाली प्रदेश |
| **प्रस्तावकको व्यहोरा** | नेपाल सरकारद्वारा ५ हेक्टरभन्दा बढी वन क्षेत्र प्रयोग गर्दा निर्माण गर्ने अनुमती दिनु पूर्व र १०,००० वर्गमिटर क्षेत्रफलभन्दा बढीको Built Up Area/Floor Area भएको व्यावसायिक भवन निर्माण गर्ने कार्य गर्नका लागी वातावरणीय प्रभाव मुल्यांकन EIA गर्नुपर्ने व्यवस्था भए बमोजिम पञ्चपुरी नगरपालिकाको वडा न ६ र ८ मा रहेका मौरीकाँडा सा.व. सिद्धेश्वरी सा.व. र देउराली सा.व. को १०.४४ हेक्टर वन क्षेत्रमा ६४७७८.५१ वर्ग मिटर औद्योगिक पल्ट क्षेत्र भएको औद्योगिक ग्रामको निर्माण कार्यको वातावरणीय प्रभाव मुल्याङ्कन कार्य |
| **प्राभव पर्न सक्ने स्थान** | सुर्खेत जिल्ला, पञ्चपुरी नगरपालिका |

माथि उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मुल्याङ्कन अध्ययन सम्बन्धी प्रतिवेदन तयार गर्ने क्रममा सो क्षेत्रको जैविक प्रणाली तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीहरु बिच के/कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो क्षेत्रको नगरपालिका तथा त्यस क्षेत्रका वडा समिति, विद्यालय, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाहरुको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सुचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र निम्न ठेगानामा आईपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागी पत्राचार गर्ने ठेगाना**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | पञ्चपुरी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बाबियाचौर, सुर्खेत, कर्णाली प्रदेश<br>फोन नं. ०८३४१६०६७, ईमेलः panchapuri.municipality@gmail.com |
| **परामर्शदाताको नाम र ठेगाना** | ड्रिम हाउस इन्जिनियरिङ्ग सोलुसन प्रा. लि,<br>महालक्ष्मी नं.पा. ४, ललितपुर, वाग्मती प्रदेश<br>फोन नं. ९८४९६९६६७३, ईमेलः solutiondream4990@gmail.com |

## विष्णु गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**सिमरा, सर्लाही**
**मधेश प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने वारेको आशयको सूचना

**प्रकाशित मितिः २०८०/१२/२७**

मिति २०८०/१०/१२ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार इलेक्ट्रोनिक माध्यमबाट दर्ता हुन आएका बोलपत्रहरु मध्ये प्राविधिक तथा आर्थिक प्रस्तावको परीक्षणमा सफल भई पास भएको तपसिलमा उल्लेखित बोलपत्र न्युनत्तम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनका लागि ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ । साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सवैलाई समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम, ठेगाना | कबोल गरेको रकम (मु.अ.कर समेत) |
|---|---|---|---|---|
| १ | NCB/BRM/ WORKS/ 01/2080-81 | Dulba Batraul Brihat Khanepani Aayojana, विष्णु गा.पा.-८, बत्रौल | Tirupati Balaji/Akash JV, Parsa-4, Sarlahi | रु. ४,९२,०४,०९४।५७ (चार करोड बयानब्बे लाख चार हजार चौरानब्बे रुपैया सन्ताउन्न पैसा मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**

# जुम्लाका ८० प्रतिशत नागरिक स्वास्थ्य बीमाको पहुँचमा



**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, २६ चैत

जुम्ला जिल्लाका ९० हजार नागरिकले स्वास्थ्य बीमा गरेका छन् । स्वास्थ्य बीमा बोर्ड सम्पर्क कार्यालयका संयोजक प्रेमबहादुर भण्डारीले करिब जनसंख्याको ८० प्रतिशत अर्थात ११ हजार ४८ घरधुरी स्वास्थ्य बीमाको पहुँचमा आएको बताए ।

उनका अनुसार जिल्लाका ६० वटा वडामा दर्ता सहयोगी छन् । सहयोगीबाट बीमा दर्ता तथा नवीकरण गर्ने काम भइरहेको छ । संयोजक भण्डारीका अनुसार स्थानीय सरकार समेत आफ्ना नागरिकको स्वास्थ्य बीमा गराउने उद्देश्यले बीमा कार्यालयसँग सहकार्य गरेर अगाडि बढेको छ ।

चन्दननाथ नगरपालिकामा ३ हजार २ सय ७० घरधुरीका २० हजार ९ सय ४१ जना तथा पातारासी गाउँपालिकाका २ हजार ४ सय ६६ घरधुरीका १६ हजार ३ सय ५० जना, तातोपानी गाउँपालिकाका ११ हजार ९ सय ५९, हिमा गाउँपालिकाका १ हजार ५ सय २६ घरधुरीको ११ हजार ८ सय ५० नागरिकको स्वास्थ्य बीमा गरिएको छ ।

त्यस्तै तिला गाउँपालिकाका ८ सय २८ घरधुरीका ९ हजार ३ सय २ जनाले स्वास्थ्य बीमा गरेका छन् भने गुठीचौर गाउँपालिकाका ९ सय १० घरधुरीका ७ हजार ४ सय १० जना र कनकासुन्दरी गाउँपालिकाका ६ सय २७ घरधुरीका ६ हजार ७ सय ६३ जनाले स्वास्थ्य बीमा गरेका छन् । त्यस्तै सिँजा गाउँपालिकाका ४ सय १६ घरधुरीका ५ हजार ८ सय ३६ जना नागरिक स्वास्थ्य बीमामा आवद्ध भएका छन् ।

जुम्लाको आठौं स्वास्थ्य बीमा वार्षिकोत्सव कार्यक्रममा बोल्दै जिल्ला समन्वय समिति जुम्लाका प्रमुख गौरीनन्द आचार्यले स्वास्थ्य बीमाले बिरामीलाई सहज बनाएको बताए । उनले बीमाका केही समस्या नरहेको बताउँदै यसलाई विस्तार र सुधार गर्दै लैजान अनुरोध गरे । जुम्लामा २०७४ असार १ गते दर्ता प्रक्रिया शुरु भइ २०७४ भदौबाट स्वास्थय बीमा कार्यक्रम लागू भएको थियो ।

## सशस्त्र प्रहरीको गोदाममा आगलागी

**काठमाडौं/मस–**काठमाडौंको चन्द्रागिरि नगरपालिका सतुङ्गलस्थित सशस्त्र प्रहरीको गोदाममा (स्टोर रुममा) आगलागी भएको छ । नगरप्रमुख घनश्याम गिरीले आगलागी भएको घटना थाहा पाउना साथ आगो नियन्त्रणका लागि नगरपालिकाको दमकल, नगरप्रहरी, अन्य सामग्री र स्थानीय पानी ट्याङ्करसहित स्थानीयवासी परिचालन भएको जानकारी दिए । नगरपालिकाका प्रशासकीय अधिकृत हेमराज अर्यालले आगो नियन्त्रणका लागि नौ वटा दमकलसहित सुरक्षाकर्मी परिचालन गरिएको बताए । यसैबीच आगलागीको घटना छानबिन गर्न समिति गठन गरिएको छ । सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक वंशिराज दाहालको नेतृत्वमा नेतृत्वमा नौ सदस्यीय छानबिन समिति गठन गरिएको सशस्त्र प्रहरीका प्रवक्ता एवं सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक राजेन्द्र खड्काले जानकारी दिए । उनले भने, 'के कारणले आगलागि भयो ?, आगलागीबाट के कति क्षति भयो ? सो विषयमा छानबिनका लागि सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकको नेतृत्वमा छानबिन समिति गठन भएको छ, समितिमा विज्ञ व्यक्तिहरु पनि भएकाले छानबिनपछि मात्रै एकिन कुरा भन्न सकिने छ ।'

### ओरिजिनल सर्टिफिकेट हराएको सूचना

मिति २०८०-१२-२१ गते गौशालादेखि थानकोटसम्म जाँदा मेरो निम्न व्यहोरा भएको त्रि.वि.द्वारा जारी स्नातकोत्तर (MA in English) को ओरिजिनल सर्टिफिकेट हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा फोन नं. ९८५२०६३८०६ मा खबर गरिदिनु हुन हार्दिक अनुरोध गर्दछु ।
Name: Shunil Rayamajhi
TU Reg. No.: 6–1–40–1547–98
Symbol No.: 70057
Passed Year: 2013 AD (2070 BS)
Address: Itahari–1, Sunsari, Koshi

## साउदीमा रोजगार

कम्पनी : AHMED HUSSEIN AHMED AL JISHI TRADING EST
शहर : Dammam

पूर्व स्वीकृत मितिः २०८०/१०/१८ चलानी नं.: ६०२१४२८३ L.T. No.: 299233 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading and Unloading Labor | 3 | 0 | स. काममा दक्ष | 1000 | ३५,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ बैशाख ४ गते (16 April 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Fast Employment Service (P.) Ltd.**
Kupondole, Opposite Hotel Himalaya, Lalitpur, Nepal
Gov. Lic No. 1399/074/075 Tel: 5180421, 5180431, Fax: 5180431, Email: fastemployment1399@gmail.com

## नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको तपशिलमा उल्लिखित ऋणीहरूलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरूरी सूचना

प्रकाशित मिति २०८०/१२/२७

तपशिलमा उल्लिखित ऋणीहरुले यस बैंक (साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था) बाट उपभोग गर्नुभएको कर्जाको समय-समयमा तिर्नु/बुझाउनुपर्ने साँवा, ब्याज र हर्जाना व्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गर्नुभएको र ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुलाई पटक पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत कर्जाहरुको साँवा, व्याज, किस्ता र हर्जाना व्याज लगायतका रकमहरु बुझाउनेतर्फ कुनै पहल नगरेको हुनाले निजहरुका नाममा यस बैंकमा रहेका सम्पूर्ण ऋण कर्जाहरु चुक्ता भुक्तानी गर्नुहुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिनभित्र** बैंकमा सम्पर्क राखी बुझाउनुपर्ने सम्पूर्ण साँवा, व्याज, किस्ता र हर्जाना व्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहुन अनुरोध छ। अन्यथा, ऋणी र बैंकबिच भए गरेका शर्त सम्झौता, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ तथा अन्य प्रचलित कानूनले बैंकलाई दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश** गर्न लेखि पठाई ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुले धितो सुरक्षण स्वरुप बैंकलाई लेखिदिएको चल अचल सम्पत्ति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गरी वा अन्य प्रक्रिया अपनाई बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कानुनी कारवाही अगाडी बढाईने व्यहोरा सूचित गरिन्छ। साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको घरघरानाबाट असुल उपर गर्ने प्रक्रिया अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

**तपसिल**

| ऋणीको विवरण | व्यक्तिगत जमानीकर्ताको विवरण | | |
|---|---|---|---|
| **१. प्रिन्सा कृषि तथा पशुपंक्षी फर्म**<br>प्रा.फ.न.घ.उ.वि. : २३६०/०७७/०७८<br>ठेगाना : बेनी न.पा.०६, म्याग्दी<br>**कर्जा शीर्षक : आवधिक कर्जा** | **१. पुजन खत्री**<br>ना.प्र.नं. : ४९१००१/२६१०७<br>जारी मिति : २०६८/०७/०३<br>जि.प्र.का. : म्याग्दी<br>बाबु : गोविन्द बहादुर खत्री<br>बाजे : अमर बहादुर खत्री | **२. गोविन्द बहादुर खत्री**<br>ना.प्र.नं. : ३७८/८१५<br>जारी मिति : २०४५/०१/०३<br>जि.प्र.का. : म्याग्दी<br>बाबु : अमर बहादुर खत्री<br>बाजे : गुमान सिंह खत्री | **३. चेलीमाया खत्री**<br>ना.प्र.नं. : १७३२/४३३<br>जारी मिति : २०५०/१०/०१<br>जि.प्र.का. : म्याग्दी<br>पति : गोविन्द बहादुर खत्री<br>ससुरा : अमर बहादुर खत्री |
| | **४. बिन्दु हमाल खत्री**<br>ना.प्र.नं. : ४९-०१-७३-०४३७७<br>जारी मिति : २०७३/११/१०<br>जि.प्र.का. : म्याग्दी<br>पति : पुजन खत्री<br>ससुरा : गोविन्द बहादर खत्री | | |

| ऋणीको विवरण | ऋणीको विवरण | ऋणीको विवरण |
|---|---|---|
| **२. विजय वावु चौधरी**<br>ना.प्र.नं. : ३२२०६१/६३<br>जारी मिति : २०६६/०४/०८<br>जि.प्र.का. : रौतहट<br>ठेगाना : गुजारा ०६, रौतहट<br>बाबु : किरीप चौधरी<br>बाजे : अकलु चौधरी<br>**कर्जा शीर्षक : डिमाण्ड कर्जा** | **३. मिथिलेश कुमार झा**<br>ना.प्र.नं. : १०८३<br>जारी मिति : २०४९/११/२८<br>जि.प्र.का. : रौतहट<br>ठेगाना : गौर ०२, रौतहट<br>बाबु : दिनेश झा<br>बाजे : निकुन्त झा<br>**कर्जा शीर्षक : डिमाण्ड कर्जा** | **४. रनिता कुमारी गिरी**<br>ना.प्र.नं. : ३२-०१-७२-०१६३८<br>जारी मिति : २०७२/०३/१३<br>जि.प्र.का. : रौतहट<br>ठेगाना : राजदेवी ०९, रौतहट<br>पति : प्रेमचन्द्र गिरी<br>ससुरा : ललन गिरी<br>**कर्जा शीर्षक : डिमाण्ड कर्जा** |

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड**
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np, वेबसाइट: www.nimb.com.np

# नेशनल मेडिकल कलेजमा छापा, एमडी र ल्याब प्रमुख पक्राउ

**आबिद हुसेन/मध्यान्ह**
वीरगञ्ज, २६ चैत

वीरगञ्जको नेशनल मेडिकल कलेजमा प्रहरीले प्रयोगशाला (ल्याब)मा म्याद नाघेको केमिकल प्रयोग गरिरहेको सूचनाको आधारमा छापा मारेर दुई जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा मेडिकल कलेजका म्यानेजिङ डाइरेक्टर (एमडी) सहनवाज अन्सारी र ल्याब




प्रमुख सञ्जय साह छन् । उनीहरुलाई जिल्ला प्रहरी कार्यालय पर्साको टोलीले सोमबार दिउँसो पक्राउ गरेको हो ।

मेडिकल कलेजले म्याद गुज्रिएका सामग्री प्रयोग गर्ने गरेको गुनासो आएपछि प्रहरीले अनुसन्धान गरेको थियो । पर्सा प्रहरीका प्रमुख एसपी कुमोध ढुंगेलका अनुसार ल्याबमा सन् २०२१ मै म्याद सकिएको केमिकलसहितका औषधि बरामद भएपछि कलेजका एमडी र ल्याब प्रमुखलाई नियन्त्रणमा लिइएको हो । सो क्रममा म्याद गुज्रिएका सामग्री समेत बरामद गरिएको उनले बताए ।

उनले बरामद सबै केमिकलबारे अनुसन्धानका लागि बाँकी प्रक्रिया अगाडि बढाइएको छ । नेशनल मेडिकल कलेजमा वीरगञ्ज महानगरपालिका, औषधि व्यवस्था विभाग र प्रहरीसहितको टोलीले संयुक्तरुपमा छापा मारेको हो ।

## Madhuwan Municipality
## Office of Municipal Executive
**Bardiya**
**Lumbini Province, Nepal**

### Invitation for Bids

**Date of publication: 2080/12/27**

1. Madhuwan Municipality Bardiya invites Competitive Bidding from the eligible contractors for the following works.
2. The Estimated amount for the works is as specified on the following Table.
3. Bidding documents may be purchased upon payment of a non-refundable fee *as specified as each item in the* following table.
4. Bidder must submit their bid electronically through ppmo's website www.bolpatra.gov.np/egp before or last day 12:00 Noon as mentioned in the table below. *Bid* Documents after this deadline shall not be accepted.
5. Bids shall be opened in the presence of Bidders' representatives chosen by Bidders on last day for bid submission at 12:05 pm in the office of Madhuwan Municipality, Bardiya.
6. Bids must be valid for a period as specified and must be accompanied by bid security, amounting as specified for each item in the following table, which shall be valid for *30 days* beyond the bid validity period.
7. If bidder wishes to submit the Bid Security and bid document cost in the form of cash, the cash should be deposited in the following Account No.
   Bank Name: **Nepal Bank Limited Sanoshree Branch Bardiya**
   Account Holders name : **Madhuwan Municipality Bardiya**
   Account No: **15103000001001000001 (Rajaswa) for Bid document Cost**
   Account No: **15103000003000000001 (Dharauti) for Bid Security.**
8. The Employer reserves the right to accept or reject, wholly or partially any or all the bids without assigning any reason, whatsoever.

**1. Table**

| S.N. | Contract no. | Contract name | Bid Document Cost (Nrs) | Bid Security Amount | Estimated Amount (with vat ) | Bid Validity period | Last date for bid submission |
|---|---|---|---|---|---|---|---|
| 1 | MG/W/NCB/ MNPO-18/2080-81 | Upgrading of Madhuwan Taratal to Raratal Road Section | 3000.00 | 70000.00 | 2547443.74 | 90 days after bid opening | 27th of Baisakh 2081 12:00 Noon. |

**Chief Administrative Officer**

## शैलुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**काटाकुटी, दोलखा**
**बागमती प्रदेश, नेपाल**

### आवधिक योजना तर्जुमाको लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

**सूचना प्रकाशित मितिः २०८०/१२/२७**

यस शैलुङ गाउँपालिकाको लागि दोस्रो पञ्चवर्षीय आवधिक योजना तर्जुमा गर्नुपर्ने भएकोले प्रचलित कानून बमोजिम दर्ता भएका फर्म, संस्था वा कम्पनीहरुले देहाय बमोजिमका शर्तहरुको अधिनमा रही रीतपूर्वकको आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्नका लागि सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस कार्यालयमा सूचिकृत भई प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. स्थानीय तहको आवधिक योजना तर्जुमा स्थानीय सरकारको एक महत्वपुर्ण कार्यक्रम हो । यस योजना उद्धेश्य स्थानीय स्तरमा सहभागितामूलक, समतामुलक र एकीकृत विकास योजना तयार गर्नु रहेको छ ।
२. यस पालिकाले स्थानीय परामर्शदाता छनौटको सिलसिलामा आवाधिक योजना तयारीका लागि प्रस्ताव सम्बन्धि कागजात जारी गरेको छ ।
३. सेवा सम्बन्धी थप विवरण यसै प्रस्ताव सम्बन्धी कागजातमा रहेको कार्यक्षेत्रगत शर्त (Terms of Reference) र RFP मा उल्लेख गरिएको छ ।
४. यो प्रस्ताव सम्बन्धी कागजातहरु यस कार्यालयमा सूचना जारी भएको मितिले १५ दिनभित्र सूचिकृत भई प्रस्ताव बुझाउन इच्छुक सेवा प्रदायकहरुलाई जारी गरिएको छ ।
५. सेवाप्रदायक गुणस्तर लागत छनौट प्रणाली (Quality Cost Selection System) अन्तरर्गत गरिनेछ ।
६. यो प्रस्ताव सम्बन्धी कागजात हरुमा देहायका अनुसुचीहरु (Sections) हरु रहनेछन् ।
   Section 1 – Letter of Invitation (आमन्त्रण पत्र)
   Section 2 – Information to Service Providers (सेवा प्रदायकहरुको लागि जानकारी)
   Section 3 – Technical Proposal – Standard Forms (प्राविधिक प्रस्तावको फारम)
   Section 4 – Financial Proposal – Standard Forms (आर्थिक प्रस्तावको फारम)
   Section 5 – Terms of Reference (कार्यक्षेत्रगत शर्त)
   Section 6 – Standard Forms of Contract (सम्झौताको स्टाण्डर्ड फारम)
७. इच्छुक योग्य परामर्शदाताहरुले यस सम्बन्धी थप जानकारी लिन चाहेको खण्डमा यस कार्यालयबाट प्राप्त गर्न सक्नेछन् ।
८. अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछन । आवश्यक कागजातहरु कार्यालयको वेभसाईट www.shailungmun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।
९. प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्बजनिक बिदा परेमा सो लगतै कार्यालय खुल्ने समयभित्र प्रस्ताब पेश गर्न सकिनेछ ।

**प्रस्ताव पेश गर्ने ठेगाना:**
**शैलुङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**काटाकुटी, दोलाखा**
**बागमती प्रदेश, नेपाल**
**मोवाईल नः ९८४९८२५२७१, ९८५१२२६८७०**

# ‘चीनको कमजोर आपूर्ति क्षमताबारे अमेरिकी आरोप आधारहीन’

**काठमाडौं/एजेन्सी-** चीनका वाणिज्यमन्त्रीले कम लागतको चिनियाँ निर्यातले विश्व बजारमा जोखिम निम्त्याएको भन्ने अमेरिकी चिन्तालाई चिनियाँ बाणिज्यमन्त्री वाङ वेन्ताओले ‘आधारहीन’ भन्दै आरोपको खण्डन गरेका छन् ।

ट्रेजरी सेक्रेटरी जेनेट येलेनको भ्रमणका क्रममा चिनियाँ अधिकारीहरूले दुई देशबीचको सम्बन्ध थप स्थिर अवस्थामा रहेको सकारात्मक टिप्पणी गरेका छन् र दुवै पक्ष अतिरिक्त औद्योगिक क्षमताको विषयमा थप वार्ताका लागि मार्गहरू खोल्न सहमत भएका छन् ।

चीन सरकारले विश्व बजारले धान्न सक्नेभन्दा बढी उत्पादन क्षमता सिर्जना गर्न सहयोग गर्दा सौर्य र विद्युतीय सवारी साधनजस्ता प्रमुख क्षेत्रमा सस्तो



निर्यातको बाढीले अन्यत्र ती उद्योगहरूको वृद्धिलाई असर पार्न सक्छ भन्ने अमेरिकी अधिकारीहरूको चिन्ता रहेको छ ।

वाणिज्यमन्त्री वाङले आइतबार पेरिस भ्रमणका क्रममा ‘अमेरिका र युरोपले लगाएको ‘अत्यधिक क्षमता’ को आरोप आधारहीन भएको बताएका हुन् । चिनियाँ विद्युतीय सवारी निर्माताको तीव्र वृद्धि नवीनता र स्थापित आपूर्ति श्रृंखलाका कारण भएको वाङले बताए । उनले बेइजिङले व्यवसायहरूलाई उनीहरूको हितरक्षाका लागि सहयोग गर्ने पनि बताए ।

बेइजिङले उद्योगका लागि राज्यको विशाल समर्थनको बारेमा चिन्तालाई बारम्बार अस्वीकार गर्दै आएको छ । युरोपेली सङ्घ (ईयू) ले चिनियाँ विद्युतीय कारमा अनुदानको बारेमा अनुसन्धान शुरु गरेको छ जसले गर्दा कम मूल्यमा अनुचित रूपमा बेचिएका सवारी साधनहरूमा कर वृद्धि हुन सक्छ । गत महिना बेइजिङले यसलाई व्यापारमा देखिएको ‘सङरक्षणवाद’ को संज्ञा दिएको छ ।

येलेनले दक्षिणी शहर ग्वान्झाओ र राजधानी बेइजिङमा अधिकारी र व्यापारिक नेताहरूसँगको वार्तामा बारम्बार चीनको ‘क्षमताभन्दा बढी आपूर्ति’ को प्रसंगलाई उठाएकी थिइन् । आफ्ना समकक्षी उपप्रधानमन्त्री हे लिफेङसँग भएको बृहत् छलफलमा उनले चिनियाँ नीति निर्माणको उच्च तहमा अन्तर्राष्ट्रिय चासोका सवालबारे संवेदनशील बन्न आग्रह गरेकी थिइन् ।

सिन्ह्वाका अनुसार लीले उत्पादन क्षमताको विषयलाई वासिङ्टनले ‘वस्तुनिष्ठ’ र ‘बजारमुखी’ दृष्टिकोणबाट हेर्नुपर्ने येलेनसँग बताएका थिए । उनले चीनको नयाँ ऊर्जा उद्योगको विकासले ‘विश्वव्यापी हरित र कम कार्बन सङक्रमणमा महत्वपूर्ण योगदान पुऱ्याउने बताए ।

## Invitation for Bid

# Surma Rural Municipality
## Office of the Rural Municipal Executive
**Daulichaur, Bajhang**
**Sudur Paschim Province, Nepal**
**Date of publication: 2080-12-27 (Re-Bidding)**

1. Surma Rural Municipality invites open competitive electronic bids from eligible bidders for the following works under National Competitive Bidding single stage two envelope procedure.

| SN. | Contract No. | Description | Bid Security Amount (Nrs) | Last Date of Bid Submission | Bid Opening Date & Time | Bid Fee (Nrs) |
|---|---|---|---|---|---|---|
| i. | SRM-NCB-HBCW-Works -06-2080-081 | Construction of 5 bedded primary hospital at Surma Rural Municipality-01, daulichaur, bajhang | 24,32,020 | 2081/01/27 before 12:00 pm | 2081/01/27at 2:00 pm | 5000.0 |

2. Eligible Bidders may obtain further information and inspect the bidding document at **www.bolpatra.gov.np/egp**.
3. Information to deposit the cost of bidding document in Bank:
   a.Name of the Bank: Everest Bank limited
